# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २२० | काठमाडौं | आइतबार, २४ मंसिर २०८० | Prabhab National Daily | Sunday, December 10, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## पहिले निहुँ, अहिले ज्यू



- २५ गते घूर्मी पुग्ने एमाले टोलीले २६ गतेदेखि समृद्धिका लागि संकल्प यात्रा गर्ने
- पहिचानवादीहरु एमालेको अभियान बिथोल्ने पक्षमा, घूर्मी–लेगुवा खण्डमा अनिश्चितकालीन बन्द
- पहिचानवादीहरु र एमाले कोशीमा आमनेसामने हुने संकेत

■ **जेबी योञ्जन**

**काठमाडौं–** 'समृद्धिका लागि सङंकल्प यात्रा' भन्दै मध्यपहाडी लोकमार्गको अन्तिम बिन्दु झुलाघाटदेखि सुरुवाती बिन्दु चिवाभञ्ज्याङतर्फ अघि बढिरहेको नेकपा एमालेको टोली कोशी प्रदेश क्षेत्र पुग्न लाग्दा झस्किएको छ ।

त्यहाँ पहिचानवादीहरूले एमालेको संकल्प यात्रा बिथोल्ने तयारी गरिरहेको छ । एक जना पहिचानवादी नेतासमेत रहेका किरात गणराज्य मोर्चाका संरक्षक गोपाल किरातीले त शुक्रबार पत्रकार सम्मेलन गर्दै एमाले अध्यक्ष केपी शर्मा ओलीविरुद्ध हिंसाप्रेरित अभिव्यक्ति दिए ।

यसपछि झस्किएको एमालेले शनिबार पत्रकार सम्मेलन गरेर नै संकल्प यात्रालाई नबिथोल्न आग्रह गरेको छ । बरु, संकल्प यात्रालाई सहयोग गर्न भनिएको छ ।

'गोपाल किरातीले घूर्मीमा केपी ओलीको चिहान बनाउँछौं भन्नुभयो । लोकतन्त्रमा यस्तो अशिष्ट र अभद्र शब्दहरू प्रयोग गर्नु ठीक छैन र एमालेको अभियानलाई नबिथोलौं । बरु सहयोग पुऱ्याऔं', प्रदेशका एमाले अध्यक्ष घनश्याम खतिवडाले प्रभावसँग भने, 'एमाले पहिचानविरोधी होइन, पक्षधर हो ।'

एमालेले समृद्धिको संकल्प यात्रा पहिचानवादीहरूको विरुद्धमा नभएको दाबी गरेको छ । पहिचानवादीहरूलाई अभियान बिथोल्नेगरिको बन्दको कार्यक्रम फिर्ता लिन पनि एमालेको आग्रह छ । अभियानको नेतृत्व अध्यक्ष केपी शर्मा ओलीले गरिरहेका छन् । पार्टीका पदाधिकारीदेखि स्थायी कमिटी, केन्द्रीय कमिटी, प्रदेश कमिटी र जिल्ला कमिटीसम्मका नेताहरू अभियानमा छन् ।

गत वर्षको निर्वाचनअगाडि देखिको सत्ता गठबन्धन कायम हुनु, कोशी प्रदेशमा पहिचान पक्षधरहरूको निशानामा पर्नु र पछिल्लो समय मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको समूह पनि एमाले विरुद्धमा उभिनुले संकल्प यात्राको नाममा एमाले मध्यपहाडमा निस्किएको हो । तर, पहिचानवादीहरूले कोशीमा भने प्रतिरोध गर्ने चेतावनी दिएका छन् ।

प्रदेश १ पुनः नामांकन संयुक्त संघर्ष समितिले अभियानको नाममा अध्यक्ष ओली, पार्टी सचिव योगेशकुमार भट्टराई र नेता महेश बस्नेतलाई कोशी प्रवेशमा अवरोध पुऱ्याउने जनाइसकेको छ ।

(बाँकी पष्ठ २ मा)

# बुढीगण्डकी अलपत्र पारेको आरोप देउवामाथि

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकार यति बेला बुढीगण्डकी जलविद्युत आयोजनाका लागि स्रोतको खोजीमा छ । गत मंसिर ५ गते सिंहदरबारमा बसेको सत्तारुढ दलको बैठकले बुढीगण्डकी परियोजनाका लागि स्रोत खोज्ने निर्णय गरेको थियो ।

गोरखा र धादिङको सीमामा पर्ने १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना सुरु भएको १० वर्ष पुगिसकेको छ । यतिको वर्ष बित्दा पनि आयोजना शुरु हुने छाँट नदेखिएपछि सरकारले स्रोतको खोजी शुरु गरेको हो । 'बुढीगण्डकी जलविद्युत परियोजना, निजगढ विमानस्थलजस्ता आयोजना सम्पन्न गर्न सरकारले स्रोत खोज्ने निर्णय गरेको छ,' बैठकलगत्तै एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले भनेका थिए ।

गत असार ११ गते धादिङको गजुरी पुगेर भनेका थिए, 'असारभित्रै आयोजनाको शिलान्यास हुन्छ ।' तर दाहाल असारभर बुढीगण्डकी आयोजना क्षेत्रै गएनन् । बरु एकैचोटि साउन ३ गते गोरखाको गण्डकी गाउँपालिका पुगे । र आयोजनाको फिल्ड कार्यालयको भए पनि उद्घाटन गरेर फर्के । कुनैबेला चीनको गेजुवा कम्पनीलाई बनाउन दिने निर्णय पछि बदर भयो ।

यही आयोजनाबारे शनिबार गोरखा पुगेर एमाले अध्यक्ष केपी शर्मा ओलीले चिन्ता जनाएका छन् । यस्तै हो भने यो आयोजना पुरा हुननसक्ने एमाले अध्यक्ष केपी शर्मा ओलीले चेतावनी दिए ।



शनिबार पुष्पलाल मध्यपहाडी लोकमार्ग केन्द्रित समृद्धिका लागि संकल्प यात्राको क्रममा गोरखा पुगेका ओलीले चेतावनीमात्र दिएनन् कांग्रेस सभापति शेरबहादुर देउवामाथि समेत खनिए । आफूले यो परियोजना बढाउन खोज्दा देउवाले पटकपटक सरकार नै ढालेको उनको आरोप थियो । 'म पहिलोचोटी यो देशको प्रधानमन्त्री हुँदा बुढीगण्डकी आयोजनालाई अघि बढाउन खोजें, ठीक त्यतिबेला सरकार ढालियो,' ओलीले भने, 'बुढीगण्डकी आयोजनालाई खारेजी गरियो । फेरि दोस्रो पटक मेरो नेतृत्वमा सरकारमा हुँदा बुढीगण्डकी आयोजना अघि बढाउन खोजें फेरि कम्युनिष्टका केही पात्रहरूलाई प्रयोग गरी सरकार मेरो नेतृत्वको सरकार ढाले ।'

सरकारले २०७८ चैत २४ मा चीनको गेजुवालाई नदिने र स्वदेशी लगानीमै निर्माण गर्ने निर्णय गरेपछि आयोजना कम्पनी मोडलमा बन्ने निश्चित भएको थियो । त्यसकै आधारमा सरकारले यो कम्पनीलाई ' पब्लिक' मोडलमा दर्ता गरिसकेको छ ।

२०७४ जेठमा तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले आयोजना निर्माणको जिम्मा चाइना गेजुवा वाटर एन्ड पावर ग्रुपलाई दिने निर्णय गरेको थियो । २०७४ कात्तिक २७ गते देउवा नेतृत्वको सरकारले स्वदेशी लगानीमै बनाउने भन्दै आयोजना गेजुवाबाट खोसेको थियो । तर, २०७५ को असोजमा तत्कालीन केपी ओली नेतृत्वको सरकारले पुनः गेजुवालाई दिन छलफल अघि बढाउने निर्णय गरेको थियो ।

तर, २०७८ मा आयोजना गेजुवालाई नदिने र सरकारले नै बनाउने गरी कम्पनी दर्ता भयो ।

(बाँकी पष्ठ २ मा)

- गोरखा र धादिङको सीमामा पर्ने १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना सुरू भएको १० वर्ष पुगिसकेको छ । यतिको वर्ष बित्दा पनि आयोजना शुरू हुने छाँट नदेखिएपछि सरकारले स्रोतको खोजी शुरू गरेको हो ।
- यही आयोजनाबारे शनिबार गोरखा पुगेर एमाले अध्यक्ष केपी शर्मा ओलीले चिन्ता जनाएका छन् । यस्तै हो भने यो आयोजना पुरा हुननसक्ने ओलीले चेतावनी दिए ।
- 'शेरबहादुर जीले हामी आफैं बनाउँछौं भन्नुभयो, पैसा छ र भन्दा मज्जाले पैसा छ भन्नुभयो, त्यसो भए किन नबनाउनु भएको त ? कर्मचारीलाई तलब खुवाउन आन्तरिक ऋण उठाइरहनुभएको छ, बुढीगण्डकी बनाउन पैसा छ भनेर धाक लगाइदिहाल्नुभयो, फेरि प्रधानमन्त्रीको धाक, अहिलेसम्म अलपत्र छ'

**सन्दर्भ: वैदेशिक रोजगार**

## 'सुरक्षित वैदेशिक रोजगार' सम्बन्धी निबन्ध प्रतियोगिता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले सुरक्षित वैदेशिक रोजगार'सम्बन्धी राष्ट्रव्यापी निबन्ध प्रतियोगिता आयोजना गर्ने भएको छ । बोर्डले यही डिसेम्बर १८ मा मनाइने आप्रवासी श्रमिक दिवसको अवसर पारेर विद्यालयस्तरीय राष्ट्रव्यापी निबन्ध प्रतियोगिता आयोजना गर्ने भएको हो ।

प्रतियोगितामा देशभरीबाट जुनसुकै विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थीले भाग लिन सक्ने बोर्डले जनाएको छ । निबन्ध श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवा प्रवाहसँग सम्बन्धित हुनुपर्ने बताइएको छ । कम्तीमा एक हजार शब्दमा लेखिएको निबन्ध यही मंसिर २५ गतेभित्र बोर्डलाई उपलब्ध गराइ सक्नुपर्ने छ । निबन्धको साथमा विद्यार्थीले विद्यालयको सिफारिस वा परिचयपत्र संलग्न गर्नु पर्नेछ । निबन्ध प्रतियोगितामा पहिलो हुनेले ५० हजार, दोस्रोले ३० हजार र तेस्रोले २० हजार रूपैयाँ पुरस्कार पाउने बोर्डले उल्लेख गरेको छ ।

**बोर्डले १२० करोड पुनः निक्षेपमा राख्ने**

यस्तै बोर्ड सचिवालयले वैदेशिक रोजगार कल्याणकारी कोषको १२० करोड रूपैयाँ निक्षेपमा पुनः लगानी गर्ने भएको छ । कोषको विभिन्न बैंकको मुद्दती खातामा रहेको निक्षेप अवधि आगामी पुस १ गतेदेखि समाप्त हुने भनदै बोर्डले पुनः निक्षेपमा लगानी गर्ने जनाएको छ ।

निक्षेपमा रहेको १२० करोड १ वर्षको लागि पुनः लगानी गरिने भएकोले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गका वाणिज्य बैंकहरूले आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गर्ने ब्याजदर लगायत अन्य विवरण सहित सिलबन्दी दरभाउ पत्र प्रस्ताव पेश गर्न सचिवालयले आग्रह गरेको छ ।

सचिवालयले मंसिर २८ गतेभित्र प्रस्ताव पेश गर्न समय तोकेको छ । पेश हुन आएका सिलबन्दी प्रस्तावहरू सोही दिनको साढे १२ बजे खोलिने सचिवालयले जारी गरेको सूचनामा उल्लेख छ ।

## युएई दूतावासको कार्यसम्पादन सार्वजनिक

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावासले कात्तिक महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले २०८० कात्तिक महिनामा सम्पादन भएका प्रमुख सेवाहरूको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

नेपालीहरूको प्रमुख श्रम गन्तव्यहरूमध्ये एक युएईमा रहेको दूतावासले आफूले गरेका प्रमुख कार्य सम्पदानहरूको विवरण महिनैपिच्छे सार्वजनिक गर्दै आइरहेको छ । दूतावासले नेपालीहरूको समस्या समाधान तथा सहजीकरणमा गरेको कार्य सम्पादन तथा प्रगति विवरणमा कात्तिकमा २ हजार ५०३ पासपोर्ट नवीकरणका लागि संकलन भएको उल्लेख गरिएको छ भने दुई हजार १७५ वटा पासपोर्ट नवीकरण पश्चात वितरण गरिएको जनाएको छ ।

त्यस्तै ८६ जनालाई भिसा प्रदान गरिएको छ भने जम्मा ४६ जनाको ट्राभल डकुमेन्ट बनाइएको विवरणमा उल्लेख छ । यसैगरी ९९ जनाको कागजात प्रामाणीकरण गरिएको छ । साथै, रोजगारीको लागि संस्थागत रूपमा आएको १६६ वटा मागपत्र प्रमाणीकरण भएको दूतावासले जनाएको छ । १२६ वटा समूहगत भिसा प्रमाणीकरण गरेको दूतावासले कात्तिक महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरूको १८ वटा शव व्यवस्थापन भएको उल्लेख गरेको छ । यस्तै विभिन्न माध्यमबाट आएका ५४६ वटा गुनासा तथा उजुरीहरूको सम्बोधन गर्दै असोजमा श्रमिकहरूलाई क्षतिपुर्ति र इन्स्योरेन्सबापत ९२ हजार ७३८ एडडी अर्थात झण्डै २६ लाख ५५ हजार रूपैयाँ खर्च भएको दूतावासले विवरणमा समेटेको छ ।

## माल्टा पठाईदिन्छु भन्दै नपठाउने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । माल्टामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा धर्मेन्द्र शाहीलाई प्रहरीले पक्राउ गरेको हो ।

जुम्लाको हिमा गाउँपालिका घर भई हाल काठमाडौं डल्लु बस्ने ३३ वर्षीय शाहीले सोम्बार तामाङसमेत २ जनासँग वैदेशिक रोजगारीका लागि माल्टा जान प्रति व्यक्ति १० लाख लाग्ने भन्दै पटकपटक गरी ७ लाख ५ हजार रूपैयाँ रकम लिई सम्पर्कविहीन बनेको प्रहरीले जनाएको छ ।


माल्टाको एक प्रतिष्ठित होटलमा मासिक एक लाख १० हजार तलब हुने गरी काम लागाइदिने प्रलोभनमा पारी पीडितहरूबाट रकम लिएर फरार रहेको अवस्थामा शाहीलाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । उनलाई खोजतालासका क्रममा जावलाखेलबाट पक्राउ गरिएको बताइएको छ ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# मानवअधिकारको सम्बर्द्धनबाट मात्रै शासन प्रणाली बलियो : राष्ट्रपति

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन भएमा मात्र बहुलवादमा आधारित संसदीय लोकतान्त्रिक शासन प्रणाली बलियो हुने बताएका छन् । पचहत्तरौँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (१० डिसेम्बर) का अवसरमा आज शुभकामना दिँदै पौडेलले कानुनी राज्यको भरपर्दो व्यवस्थासँगै मानवअधिकारको प्रत्याभूतिबाट कुनै पनि नागरिक बञ्चित हुनुनपर्ने बताए ।



राष्ट्रपति पौडेलले संघ, प्रदेश, स्थानीय तह र सामाजिक संघसंस्था, सञ्चारमाध्यम तथा निजी क्षेत्रको सक्रियताबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणले नसमेटिएका समुदायको हकअधिकार, स्वतन्त्रता र न्यायको अनुभूति हुनसकेमा मात्र मानवअधिकार दिवसले सार्थकता पाउने बताए । व्यक्तिगत स्वतन्त्रता र लोकतान्त्रिक शासन प्रणालीलाई सारभूत बनाउने मानवअधिकारको महत्त्वपूर्ण पक्ष आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले विश्वमा न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्न राष्ट्रको ध्यान केन्द्रित भइरहेका सन्दर्भमा नेपालले पनि संविधानमा व्यवस्था भएको नागरिकको मौलिक हकको पूर्ण कार्यान्वयनका लागि अग्रसरता लिनुपर्नेमा जोड दिए । पौडेलले सबै पक्ष र निकायलाई मानवअधिकारको मर्म तथा भावना आत्मसात् गर्ने प्रेरणा देओस् भनी कामनासमेत गरे ।

संयुक्त राष्ट्रसंघको महासभाबाट मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनको स्मृतिमा प्रत्येक वर्ष डिसेम्बर १० मा विश्वभर यस दिवस मनाउने गरिन्छ । यस वर्ष ‘भविष्यमा मानवअधिकार संस्कृतिलाई एकीकृत र दिगो बनाउँदै लैजाऔँ’ भन्ने मूल नार ासहित नेपालमा पनि विविध कार्यक्रमका साथ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइँदैछ ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका विषय नेपालको संविधानले अवलम्बन गरी यसको विस्तार र विकास गर्न योगदान पुऱ्याएको राष्ट्रपति पौडेलको भनाइ छ । ‘हाम्रो देश मानवअधिकारसम्बन्धी विभिन्न अन्तर ाष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्रसमेत भएकाले मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्तिसम्बन्धी दायित्वप्रति सदैव प्रतिबद्ध एवं संवेदनशील रहिआएको छ’, शुभकामना सन्देशमा भनिएको छ, ‘फलस्वरूप नेपाल संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को सदस्यकारूपमा समेत निर्वाचित भएको छ ।’

## पृष्ठ १ बाट क्रमशः

### बुढीगण्डकी...

बुढीगण्डकी जलविद्युत पब्लिक कम्पनी लिमिडेटको नामबाट २०७९ भदौमा दर्ता भएको थियो ।

यो आयोजना नेपाल सरकारले नै बनाउने भनेर देउवाले गफ दिइरहेको ओलीले तर्क गरे । ‘शेरबहादुर जीले हामी आफैं बनाउँछौं भन्नुभयो, पैसा छ र भन्दा मज्जाले पैसा छ भन्नुभयो, त्यसो भए किन नबनाउनु भएको त ? कर्मचारीलाई तलब खुवाउन आन्तरिक ऋण उठाइरहनुभएको छ, बुढीगण्डकी बनाउन पैसा छ भनेर धाक लगाइदिहाल्नुभयो, फेरि प्रधानमन्त्रीको धाक, अहिलेसम्म अलपत्र छ,’ ओलीले प्रश्न गरे, ‘म भन्न चाहन्छु नेपालको परियोजना कुन देशलाई दिँदा नेपाललाई बढी फाइदा हुन्छ, त्यसै देशलाई दिनुपर्छ । सरकारले बुढीगण्डकी परियोजना आफैले बनाउने भनेर गफ दिइरहेको छ । कर्मचारीलाई तबल खुवाउने रकम समेत बाह्य ऋण लिने सरकारले आयोजना कसरी बनाउला ?’

ओलीले चिनियाँ पक्षबाट परियोजना बन्दा भारत रिसाउनेसमेत बताए । ‘चीनले लुम्बिनी र पोखरामा एयरपोर्ट बनायो तर चल्न दिइएको छैन, चल्न पाउँदैन भनेर भित्र-भित्र के खेल हुँदैछ थाहा छैन,’ ओलीले भने, ‘एयरपोर्ट चलाए भारत रिसाउँछ भन्ने सुनिन्छ ।’ सरकारले धेरै रकम मुआब्जा दिइसकेकोले अब यो आयोजना अघि बढ्नुपर्ने उनको जोड रह्यो ।

बुढीगण्डकी जलविद्युत आयोजनाका संयोजक डा. जगत श्रेष्ठका अनुसार यो आयोजनामा हालसम्म ४२ अर्ब ७० करोड रूपैयाँ खर्च भएको छ । आयोजनाको मुआब्जा लगभग अन्तिम चरणमा पुगेको छ । आर्थिक वर्ष २०७९/८० सम्म गोरखा र धादिङका ४९ हजार ९५ रोपनी जग्गाको मुआब्जा वितरण गरिएको छ । यसको लागि सरकारले ३४ अर्ब ३० करोड रूपैयाँ खर्च गरेको छ । यस्तै दुई जिल्लाको घरगोठ, रुख, बोटविरुवा, फलफूलगायतको दर निर्धारण गरी ६ अर्ब ७० करोड रूपैयाँ पनि वितरण गरिएको छ । डुबान क्षेत्रको जग्गा, घरगोठलगायत भौतिक संरचनाको ९५ प्रतिशत मुआब्जा वितरण भइसकेको आयोजनाले जनाएको छ । यो आयोजनाबाट ८ हजार ११७ घरधुरी प्रभावित हुनेछन् । ३ हजार ५६० घरधुरी भने पूर्ण रूपमा विस्थापित हुनेछन् ।

विभिन्न बाहाना बनाएर समस्या खडा गर्नु ठीक नहुने र जलाशययुक्त आयोजना तयार नभएसम्म खेतीपाती जारी राख्नसमेत ओलीको सुझाव रह्यो । ‘विभिन्न बाहानामा समस्या सिर्जना गर्न हुँदैन । जलाशययुक्त आयोजना तयार भएर डुबान नहुँदासम्म खेती लगाएर खाए हुन्छ । त्यसलाई बाँझै राख्नुपर्ने वा खाली छोड्नुपर्ने आवश्यकता छैन,’ ओलीले भने ।

संयोजक डा. श्रेष्ठले आयोजनाको वित्तीय व्यवस्थापन भइ नसक्नु नै प्रमुख चुनौती रहेको बताए । उनका अनुसार बुढीगण्डकी बनाउन सरकारले यो पटक १ अर्ब बजेट दिएको छ ।

ट्र्याक्टेवेल इन्जिनियरिङले २०७३ मा तयार पारेको सम्भाव्यता अध्ययन र विस्तृत डिजाइन प्रतिवेदनअनुसार आयोजनामा २ अर्ब ६० करोड अमेरिकी डलर लाग्ने अनुमान थियो । त्यतिबेला १०० रूपैयाँ प्रतिडलरलाई आधार मान्दा २ खर्ब ६० करोड लाग्ने अनुमान थियो । अहिलेको डलर सतही (१३२ रूपैयाँ प्रतिडलर) मान्दा ३ खर्ब ४३ अर्ब रूपैयाँ लाग्ने देखिएको छ । त्यतिबेला लागतको आधार वर्ष सन् २०१५/१६ लाई मानिएको थियो ।

गोरखा र धादिङको सिमानामा रहेको बुढीगण्डकी र त्रिशूली नदीको दोभानभन्दा १.५ किलोमिटर माथि बनाइने यो जलाशययुक्त जलविद्युत आयोजना हो । आयोजनाबाट धादिङ र गोरखाका साविकका २७ वटा गाविस प्रत्यक्ष प्रभावित हुनेछन् ।

माथि उल्लेख गरिएका स्थानमा फेवाभन्दा १४ गुणा ठूलो ताल निर्माण हुने र तालको वरिपरि चक्रपथ निर्माण गरेर पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसमेत राखिएको थियो । धादिङतर्फ ३५ हजार रोपनी र गोर्खातर्फ झन्डै ३२ रोपनी क्षेत्रफल डुबान पर्ने डिपिआरमा उल्लेख छ ।

# मानवअधिकारसम्बन्धी प्रतिबद्धता पूरा गर्न सरकार क्रियाशील छ : *प्रधानमन्त्री*

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धिका प्रतिबद्धता पूरा गर्न सरकार निरन्तर रूपमा क्रियाशील रहेको बताएका छन् । अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा शुभकामना दिँदै दाहालले जातीय, क्षेत्रीय, लैंगिक तथा परम्परागत विभेद्का कारणलाई सम्बोधन गर्न संविधानमा मौलिक हकको व्यवस्था भए बमोजिम कानुन बनाइ मानवअधिकारको प्रत्याभूति दिलाउन सरकार प्रयत्नशील रहेको बताए ।

प्रधानमन्त्री दाहालले प्रत्येक व्यक्तिको जीवन, मर्यादा, समानता, स्वतन्त्रताका साथै मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गरी मानवअधिकार संस्कृतिको विकास गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

सरकारले नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दायित्व पूरा गर्दै आइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले केही बडापत्रमा आधारित र सन्धिजनित समितिमा पेस हुन बाँकी आवधिक प्रतिवेदन साथै विश्वव्यापी आवधिक समीक्षा प्रतिवेदन समयमा नै पेस हुनेमा सरकार दृढ रहेको बताए । प्रधानमन्त्री दाहालले मानवअधिकार संरक्षणका लागि अहोरात्र खटिने सरकारी तथा गैरसरकारी संयन्त्र, मानवअधिकारको खबरदारी गर्ने मानवअधिकार रक्षक, नागरिक समाज, पत्रकार, कूटनीतिक नियोगलगायत सबैमा शुभकामना व्यक्त गरेका छन् ।

## पृष्ठ १ बाट क्रमशः

### पहिले...

यी तीन नेताले राई, लिम्बू, तामाङ, मगर, शेर्पालगायत आदिवासी जनजातिलाई साम्प्रदायिक हिसाबले अपराधी र पहिचान पक्षधर खस, आर्य, दलितलगायतलाई भने आतंककारी भन्दै बारम्बार गाली गरेको पहिचानवादीहरूको आरोप छ । उनीहरूविरुद्ध कालो झण्डासहितको विरोध प्रदर्शन गर्ने पनि घोषणा गरेको छ ।

तर, ओली, भट्टराई र बस्नेतलाई अभियानमा सहभागी नगरेको अवस्थामा भने सडक बन्द लगायतको कार्यक्रममा पुनर्विचार गर्न सकिने भनिएको छ । यी तीन नेताले आत्मालोचना गर्दै कोशी प्रदेशको पुनःनामांकन गर्ने प्रतिबद्धता जनाएमा आन्दोलनको रूप परिवर्तन गर्न सकिने उल्लेख छ ।

प्रदेशको नाम कोशी राख्न मतदान गर्ने एमाले, कांग्रेस, माओवादी र राप्रपाका गरी ८२ जना प्रदेश सांसदविरुद्ध पनि प्रतिरोध अभियान केन्द्रित रहेको समितिले जारी गरेको विज्ञप्तिमा छ ।

समितिको यस्तो विज्ञप्ति र पहिचान पक्षधर नेता राईको हिंसात्मक अभिव्यक्तिले कोशी प्रवेश लगत्तै एमालेसँग पहिचानवादीहरू आमनेसामनेको संकेत देखिएको छ । एमाले टोली सोमबार (२५ मंसिर)मा कोशी प्रदेश पर्ने उदयपुरको घूर्मीमा पुग्ने भएको छ । मंगलबार भने घुर्मी-लेगुवा सडकखण्डमा एमाले अभियान केन्दित हुने कार्यतालिका छ । त्यसलाई बिथोल्नेगरिको तयारी पहिचानवादी पक्षधर हरूले घोषणा गरेको अवस्थाबीच एमाले कोशी इन्चार्ज रघुवीर महासेठले अभियानले अवरोध नपुऱ्याउन आग्रह गरेका छन् । ‘ पहिचानवादीले एमालेको अभियानलाई अवरोध गर्ने कार्यक्रम नगर्नुहोला’, उनले आग्रहपूर्वक भनेका छन्, ‘एमालेको राष्ट्रिय अभियान निरन्तररूपमा अघि बढिरहेको र चिवाभञ्ज्याङ पुगेरै टुंगिन्छ ।’

यसअघि ओली वैशाखको दोस्रो साता कोशीको पहाडी जिल्लाहरूमा गएका थिए । जतिबेला प्रदेशको नाम पहिचानको आधारमा नभएको भन्दै पहिचानवादीहरू आन्दोलित भएको र आन्दोलनकै क्रममा लाजेहाङ लिम्बूको निधन भएको स्थिति थियो ।

उनीहरूले ओलीलाई उनकै गृहजिल्ला झापा, इलाम, पाँचथर र तेह्रथुममा अवरोध पुऱ्याएका थिए । कतै ढुंगामुढा त कतै भने कालो झण्डा प्रदर्शन गरेर विरोध गरेका थिए । यसको ६ महिनापछि फेरि ओली समृद्धिका लागि संकल्प यात्रा नामबाट कोशी पुग्नै लागेका हुन् ।

ओली नेतृत्वको एमालेबाट प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की भएकै बेला १७ फागुन २०७९ मा तत्कालीन प्रदेश १ को नाम कोशी राखिएको थियो । कोशी नाममा ओलीको विशेष रुचि थियो । यसबारे प्रदेशका पहिचानवादीहरूले विरोध गरेका थिए । ओलीले पनि कुनै जाति र थरगत आधारमा प्रदेशको नाम नहुने भन्दै पहिचाानवादीहरूको आलोचना गरेका थिए । यसपछि एमालेसँग पहिचानवादीहरू झन् बिच्किएका हुन् ।

यही कात्तिकको पहिलो साता एमाले सचिव योगेश सवार गाडीमाथि नै गृहजिल्ला सदरमुकाम पुग्दा तोडफोड गरेका थिए । उनलाई पहिचानवादीहरूले पहिचानविरोधी नेता भन्ने गरेका छन् । अघिल्लो साता ओखलढुंगामा पनि पहिचानवादीहरूले मुख्यमन्त्री केदार कार्कीलगायत नेताहरूविरुद्ध कालो झण्डा प्रदर्शन गरेका थिए । उनीहरूले जसरी पनि प्रदेशको नाम पहिचानजनित नाम किरात वा अन्य हुनुपर्ने अडान लिँदै आएका छन् । तर, वर्तमान संसदीय अंकगणितले भने प्रदेश नाम परिवर्तन गर्न सहज छैन ।

# कांग्रेसको मुखपत्र नेपाल पुकार प्रकाशित

**काठमाडौं–** नेपाली कांग्रेसको मुखपत्र ‘नेपाल पुकार’ २६ वर्षपछि पुनः प्रकाशित भएको छ । विसं २००४ मा कांग्रेस स्थापना हुनुभन्दा पहिलेदेखि छापिँदै आएको ‘नेपाल पुकार’ विसं २०५४ देखि बन्द रहे पनि अहिले आएर पुनः प्रकाशित हुन लागेको हो ।

पार्टीको केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागका प्रमुख मीन विश्वकर्माले विसं २०५४ देखि बन्द रहेको नेपाल पुकारलाई त्रैमासिक रूपमा प्रकाशन गर्नेगरी पुनः प्रकाशनमा ल्याइएको बताए । विसं २००४ देखि मासिक, पाक्षिक र साप्ताहिक रूपमा प्रकाशन हुँदै आएको उक्त पत्रिका विसं २०५४ देखि भने पूर्ण रूपमा बन्द रहेको थियो । कांग्रेसले त्रैमासिक रूपमा प्रकाशन गर्न लागेको पहिलो अंकमा ‘बीपी साहित्य महोत्सव’ का गतिविधिलाई समेटेर विशेषांक प्रकाशन गरेको छ ।

१३२ पृष्ठको रहेको उक्त विशेषांकको आज पार्टीका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लोकार्पण गर्ने प्रचार विभाग प्रमुख विश्वकर्माले बताए । आगामी दिनमा उक्त पत्रिकालाई विचार प्रदान पत्रिकाका रूपमा प्रकाशन गरिने उनको भनाइ छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर २४ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **वृष** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **मिथुन** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **कर्कट** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कन्या** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **तुला** | परोपकारमा रुचि बढ्नेछ । |
| **वृश्चिक** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **कुम्भ** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मीन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर २४ गते, २०८०, १० डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९७ | १३३.५७ |
| युरो | १ को | १४४.७१ | १४५.३६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.९० | १६९.६६ |
| स्विस फ्रैन्क | १ को | १५२.९३ | १५३.६२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.७३ | ८९.१३ |
| क्यानाडियन डलर | १ को | ९८.५० | ९८.९५ |
| सिंगापुर डलर | १ को | ९९.७० | १००.१५ |
| जापानी येन | १० को | ९.०६ | ९.१० |
| चिनियाँ युआन | १ को | १८.६२ | १८.७१ |
| साउदी अरब रियाल | १ को | ३५.४५ | ३५.६१ |
| कतारी रियाल | १ को | ३६.५२ | ३६.६८ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२० | ३६.३७ |
| मलेसियन रिङेट | १ को | २८.४५ | २८.५८ |
| दक्षिण कोरियन वन | १०० को | १०.२७ | १०.३२ |
| स्विडिस क्रोनर | १ को | १२.८२ | १२.८८ |
| डेनिस क्रोनर | १ को | १९.४१ | १९.५० |
| हङकङ डलर | १ को | १७.०२ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३०.६४ | ४३२.५९ |
| बहराइन दिनार | १ को | ३५२.७२ | ३५४.३२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# एक सय आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य

**काठमाडौं–** सरकारले यसै आर्थिक वर्षमा सय आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको छ । अहिले २६ आधारभूत अस्पताल सम्पन्न गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यसै आर्थिक वर्षमा सय अस्पताल निर्माण लक्ष्य लिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए ।

मन्त्रालयका तथ्याङ्क अधिकृत सूर्यबहादुर खड्काका अनुसार २६ वटा अस्पतालका अन्तिम किस्ता पठाइसकिएको छ । पाँचथरको हिलिहाङ गाउँपालिकाको गोपेटार स्वास्थ्य चौकीको पाँच शयचा र दार्चुलाको व्यास गाउँपालिकाको १५ शयचाको आधारभूत अस्पताल पनि चाँडै नै सम्पन्न हुने तयारीमा रहेको उनले बताए ।

उनका अनुसार हाल चार सय १३ स्थानीय तहका अस्पतालको ठेक्का सम्झौता भई प्रक्रिया अगाडि बढेको छ । सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसंख्याका आधारमा हरेक स्थानीय तहमा पाँचदेखि १५ शयचाको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको थियो । सोहीअनुसार २०७७ साउन २८ गते तीन सय ९६ र २०७७ पुस १२ गते दुई सय ५९ अस्पताल निर्माण गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सरकारले पाँच शयचाका लागि सात करोड ११ लाख रूपैयाँ, १० शयचाका लागि १० करोड ८३ लाख रूपैयाँ र १५ शयचाका लागि १८ करोड छ लाख रूपैयाँ रकम छुटचाइएको छ । पाँच शयचाका ८० स्थानीय तह, १० शयचाका एक सय ५७ स्थानीय तह र १५ शयचाका चार सय २० स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गरिने छ ।

सरकारले दुई वर्षभित्र सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा पुर्‍याउन ती अस्पताल निर्माण गर्ने घोषणा गरे पनि समयमै नसिकएपछि अब पाँच वर्षभित्र ती निर्माण पूरा हुन नसकेका अस्पतालको निर्माणकार्य गरिने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताए ।

यस्तै अझै एक सय ९५ स्थानीय तहले आधारभूत तहको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेस गरेका छैनन् । मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले डिपिआर पेस नगरेका ती स्थानीय तहमा अस्पताल निर्माणको काम हुन नसकेको बताए ।

भूगोल र जनसंख्याका आधारमा पाँच शयचाका ८० स्थानीय तह, १० शयचाका एक सय ५५ स्थानीय तह र १५ शयचाका चार सय २० स्थानीय तहले आधारभूत अस्पताल निर्माण गर्नेछन् ।

मन्त्रालयका अनुसार १५ शयचाको आधारभूत अस्पतालमा एक एमडिजिपी चिकित्सक मेडिकल सुपरिटेन्डेन्ट, दुई मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, छ स्टाफ नर्स, पाँच हेल्थ असिस्टेन्टलगायत अन्य कर्मचारी गरी ३२ कर्मचारी रहनेछन् । यस्तै १० शयचाको आधारभूत अस्पतालमा दुई मेडिकल अधिकृतसहित २२ र पाँच शयचाको आधारभूत अस्पतालमा एक मेडिकल अधिकृतसहित १८ कर्मचारी रहने छन् ।

# ‘चिटिक्क लोमान्थाङ’



**म्याग्दी–** माटोको पर्खालले घेरिएको मुस्ताङको धार्मिक एवं पर्यटकीय महत्त्वको लोमान्थाङको सडक र गल्लीमा ढुंगा छापिएपछि चिटिक्क परेको छ । सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङको पर्यटकीय सहर तथा बस्ती पुनःउत्थान कार्यक्रमअन्तर्गत लोमान्थाङको पर्खालभित्रको सडक, पैदलमार्ग र गल्लीमा ढुंगा बिछ्याइएको हो ।

संघीय सरकारले गत वर्षदेखि सुरु गरेको ढुंगा छपान कार्य प्रभावकारी बनेपछि चालु आर्थिक वर्षमा प्रदेश सरकार र गाउँपालिकाले ऐतिहासिक र सांस्कृतिक बस्ती लोमान्थाङलाई थप आकर्षित बनाउन उक्त योजनालाई पूर्णता दिएको लोमान्थाङ गाउँपालिका-५ का वडाध्यक्ष ढुढुके विष्टले बताए ।

‘लोमान्थाङका बस्तीलाई धुलो, हिलो मुक्त र सफा बनाउन पर्खालभित्रको सडक, गल्ली र पैदलमार्गमा ढुंगा छपाउने कार्यलाई निरन्तरता दिएका छौँ’, विष्टले भने, ‘पर्खाल बाहिरको सडकलाई व्यवस्थित गर्न प्रदेश सरकारमार्फत ढलान हुँदैछ ।’ ढुंगा छपान गरेपछि मौलिकताको संरक्षणसँगै धुलो उड्ने र हिलो हुने समस्या हटेर सफासुग्घर बनेको छ ।

यसअघि बस्तीभित्र छपाएको ढुंगा उप्किएका थिए । कतिपय ठाउँमा ढुंगा छपाइएको थिएन । आयोजनामार्फत आव २०७९/८० मा लोमान्थाङ बस्तीभित्र ढुंगा छपानका लागि करबाहेक एक करोड २७ लाख छ हजार पाँच सय छ रूपैयाँमा ठेक्का सम्झौता भएको विष्टले जानकारी दिए ।

उक्त ठेक्कामार्फत चार हजार ४४ दशमलव २५ वर्गमिटर क्षेत्रफलमा स्लेट ढुंगा छपान भएको आयोजनाका इन्जिनियर योगेन्द्र वस्ताकोटीले बताए । उनका अनुसार चालु आवमा ढुंगा छपानका लागि गाउँपालिकाले रू ७० लाख बजेट विनियोजन गरेको छ ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालय मुस्ताङमार्फत कार्यान्वयन हुनेगरी लोमान्थाङ बस्तीभित्रको सडक ढलान गर्न चालु आर्थिक वर्षमा पाँच करोड ५० लाख विनियोजन भएको गाउँपालिकाका अध्यक्ष टसी नर्वु गुरुङले जानकारी दिनुभयो ।

लोमान्थाङ स्वागत गेटबाट लोमनथाङ वाल वरिपरि ढलान बाटो निर्माणका लागि दुई शीर्षकमा रू पाँच करोड र अर्को ऐतिहासिक गाउँ वरपर पक्की सडक शीर्षकमा ५० लाख बजेट विनियोजन भएको मन्त्रालयले जनाएको छ ।

केही दिनअघि लोमान्थाङ पुगेर फर्कनुभएका प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय महत्त्वको लोमान्थाङ बस्तीलाई व्यवस्थित बनाउन मन्त्रालयले प्राथमिकता दिएको बताए ।

चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको छ । लोमान्थाङ पालिकाको केन्द्रसमेत रहेकाले यहाँका सडक र गल्लीमा नाली निर्माण गरेर ढल व्यवस्थापन गरिएको जनाइएको छ । चोक र सडक छेउमा एक सय ५० सडकबत्ती जोडेर रातको समयमा उज्यालो बनाइएको अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार बस्तीभित्र विद्युत्को तारलाई भूमिगत बनाइएको छ ।

माटोको पर्खालभित्र रहेको लोमान्थाङको मुख्य बस्तीमा तत्कालीन मुस्ताङ राजाको दरबार र गुम्बासहित करिब दुई सय माटोले बनेका घर छन् । तीस फिटभन्दा अग्लो माटोको पर्खालले घेरिएको बस्तीको बीचमा लोमान्थाङ दरबार छ । यहाँका घर, दरबार, गुम्बा सबै माटोले बनेका छन् । प्रकृति, संस्कृति, रहनसहन, संस्कार र मौलिक जीवनशैली आदि सुन्दरता अवलोकनका लागि लोमान्थाङमा पर्यटक आउँछन् । ऐतिहासिक महत्वको लोमान्थाङ बस्ती पर्यटकीय हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ । *रासस*

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०८/२४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०९/०८

**बोलपत्र खोलिने मिति**
२०८०/०९/११ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **१) ऋणी : टेक बहादुर सुनुवार घतानी**<br>(ना.प्र.नं. २४४६/१७८, मिति २०३९/११/१९ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>ठेगाना : चरिकोट ०४, दोलखा<br>बाबु : धनजीत सुनुवार<br>बाजे : बुद्धिबल सुनुवार<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शारदा घतानी**<br>(ना.प्र.नं. ८३३४/३२१८, मिति २०६४/१२/१४ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : टेक बहादुर सुनुवार घतानी<br>ससुरा : धनजीत सुनुवार<br>**२. राजेश घतानी**<br>(ना.प्र.नं. २२१०१४/१२३८, मिति २०६५/०६/२९ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : टेक बहादुर सुनुवार घतानी<br>बाजे : धनजीत घतानी | टेक बहादुर सुनुवार घतानीको नाममा दोलखा जिल्ला मालपोत कार्यालय दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट वडा नं. ०४ स्थित कि.नं. ३६३१ (०,२२८२ व.मि.), कि.नं. ३६३२ (०,१२८० व.मि.) र कि.नं. ७३४८ (००६५४ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | घर कर्जा | **२) ऋणी : चरि बहादुर तमाङ**<br>(ना.प्र.नं. ८३३-३२७५ , मिति २०४९/११/२६ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>ठेगाना : बोच ०८, दोलखा<br>बाबु : अइमान सिं तमाङ<br>बाजे : लाल बहादुर तमाङ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सविता तमाङ**<br>(ना.प्र.नं. २२१०१३/१६, मिति २०६३/१२/०२ जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : विष्णु प्रसाद दहाल<br>पति : चरि बहादुर तमाङ<br>ससुरा : अइमान सिं तमाङ<br>**२. सुशन तमाङ**<br>(ना.प्र.नं. २२-०१-७४-००६५३, मिति २०७४/०३/०२ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाजे : चरि बहादुर तमाङ<br>बाबु : अइमान सिं तमाङ | चरि बहादुर तमाङको नाममा दोलखा जिल्ला मालपोत कार्यालय दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, बोच गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कि.नं. १९७ (७०० व.मि.), कि.नं. १०९९(३०० व.मि.), कि.नं. ४४४ (२०५ व.मि.) र कि.नं. ४६२(५५५ व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | धितो कर्जा | **३) ऋणी : कृष्ण रिजाल**<br>(ना.प्र.नं. २४७५३, मिति २०५९/०२/३० मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>ठेगाना : भिमेश्वर ०३, दोलखा<br>बाबु : पदम बहादुर विश्वकर्मा<br>बाजे : कमान सिं विश्वकर्मा<br>**व्यक्तिगत जमानीकर्ता:**<br>**रमेश रिजाल**<br>(ना.प्र.नं. ४५८०९, मिति २०६३/०२/०८ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : पदम बहादुर विश्वकर्मा<br>बाजे : कमान सिं विश्वकर्मा | कृष्ण रिजालको नाममा दोलखा जिल्ला मालपोत कार्यालय दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कि.नं. ६०९४ (१४५.०० व.मि.) र कि.नं. ६०९६ (१३५.०० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | लघु आवधिक कर्जा | **४) ऋणी : अवतार सिंह लामा**<br>(ना.प्र.नं. २२१०१४–१३६३, मिति २०६५/०८/१८ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>ठेगाना : भिमेश्वर १३, दोलखा<br>बाबु : कारसाङ लामा<br>बाजे : लाप्साङ लामा<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**सानुमाया पाखीन लामा**<br>(ना.प्र.नं. २२–०१–७५–०७४७९ मिति २०६९/०८/०८ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : अवतार सिंह लामा<br>ससुरा : कारसाङ लामा | अवतार सिंह लामाको नाममा दोलखा जिल्ला मालपोत कार्यालय चरिकोट, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, मकैबारी गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि.नं. १७२४(१९०.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | लघु आवधिक कर्जा | **५) ऋणीहरू : बालकृष्ण कार्की र कुल बहादुर कार्की**<br>ठेगाना : शैलुङ ०४, दोलखा<br>**(क) बालकृष्ण कार्की**<br>(ना.प्र.नं. ४२६०९, मिति २०६२/०७/२२ मा जि.प्र.का. दोलखा बाट जारी भएको)<br>बाबु : कुल बहादुर कार्की<br>बाजे : जय बहादुर कार्की<br>**(ख) कुल बहादुर कार्की**<br>(ना.प्र.नं. ३८५०-१२६२, मिति २०४५/०१/१५ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : जय बहादुर कार्की<br>बाजे : विर्ख बहादुर कार्की<br>**व्यक्तिगत जमानतकर्ता :**<br>**राधिका कार्की**<br>(ना.प्र.नं. २२३०११/६९, मिति २०७०/०२/२० मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : गगन बहादुर सुवेदी<br>पति : बालकृष्ण कार्की<br>ससुरा : कुल बहादुर कार्की | कुल बहादुर कार्कीको नाममा दोलखा जिल्ला मालपोत कार्यालय चरिकोट, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, मांगापौवा गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. ४१७ (०,३६५ व.मि.), कि.नं. ४२० (०१२५ व.मि.), कि.नं. ४२५ (०३५५ व.मि.), कि.नं. ४०७ (०,०४०० व.मि.), कि.नं. ४१८ (०,०३०० व.मि.), कि.नं. ६५५ (०,०४४० व.मि.), कि.नं. ६५७ (०१३३० व.मि) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ६. | लघु आवधिक कर्जा | **६) ऋणी : महाङकाल बाख्रा फर्म**<br>प्रा.फ.नं.घ.उ.वि. : १४६६/२०७३/०७४<br>ठेगाना : भिमेश्वर न.पा. वडा नं ५, दोलखा<br>**व्यक्तिगत जमानतकर्ताहरु :**<br>**१. श्रीकृष्ण बस्नेत**<br>(ना.प्र.नं. ३५८–१२२३, मिति २०४४/१०/१० मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : यज्ञ बहादुर बस्नेत<br>बाजे : रण बहादुर बस्नेत<br>**२. बृहस्पती बस्नेत**<br>(ना.प्र.नं. ४६९/९८९९, मिति २०५४/११/२१ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : कृष्ण बहादुर कार्की<br>पति : श्री कृष्ण बस्नेत<br>ससुरा : यज्ञ बहादुर बस्नेत<br>**३. गौरव बस्नेत**<br>(ना.प्र.नं. २२-०१-७०-०२७७५, मिति २०७०/०७/१२ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : श्रीकृष्ण बस्नेत<br>बाजे : यज्ञ बहादुर बस्नेत | श्रीकृष्ण बस्नेतको नाममा दोलखा जिल्ला मालपोत कार्यालय चरिकोट, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, माटी गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कि.नं. २४७२(२१८५.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ७. | विविध कर्जा | **७) ऋणी :**<br>**पर्ल हायर सेकेण्डरी स्कूल प्रा.लि.**<br>प्रा.लिं. : २७२४२<br>ठेगाना : तिलोत्तमा न.पा. १५, रुपन्देही<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. रीता पाण्डे क्षेत्री**<br>(ना.प्र.नं. २/१६४६१, मिति २०५६/१२/२९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : भोज बहादुर पाण्डेय क्षेत्री<br>ससुरा : प्रेम बहादुर पाण्डेय क्षेत्री<br>**२. हेम बहादुर पछाई**<br>(ना.प्र.नं. ३७-०१-७३-०५०४८, मिति २०७३/०५/१२ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : रुद्र बहादुर पछाई<br>बाजे : भिम बहादुर पछाई<br>**३. माया काफ्ले कोईराला**<br>(ना.प्र.नं. ३७१०१६/२/३४२०६, मिति २०६४/०२/२० मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : धुव्र प्रसाद काफ्ले<br>ससुरा : तोयानाथ काफ्ले<br>**४. सन्दिप बस्याल**<br>(ना.प्र.नं. ३९-०१-६९-००७७२, मिति २०६९/०३/२७ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>बाबु : राम प्रसाद बस्याल<br>बाजे : धनपति बस्याल<br>**५. चन्द्र प्रकाश उपाध्याय**<br>(ना.प्र.नं. ५३२, मिति २०५०/११/१३ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : कुलानन्द अर्याल<br>बाजे : गंगाधर अर्याल<br>**६. तेज प्रसाद गौतम**<br>(ना.प्र.नं. ४३२१६, मिति २०६०/१०/०४ मा जि.प्र.का. पर्वतबाट जारी भएको)<br>बाबु : डोलीन्द्र प्रसाद गौतम<br>बाजे : गुरुदत्त गौतम<br>**७. निलकण्ठ पाण्डेय**<br>(ना.प्र.नं. १९४१, मिति २०५७/१२/०६ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>बाबु : सुकदेव पाण्डे<br>बाजे : पुरुषोत्तम पाण्डे | पर्ल हायर सेकेण्डरी स्कूल प्रा.लि.को नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं. ०४ (क) स्थित कि.नं. १०० (०-२-१०-० विगाहा), कि.नं. २६३८ (०-१-७-० विगाहा), कि.नं. २३७९ (०-१-१२-० विगाहा) र कि.नं. १४२२ (०-३-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**नोट : माथि उल्लेखित धितो बाहेक बैंकको नाममा दर्ता कायम रहेको** TATA Motors Bharat LP712/42 **2016, सवारी दर्ता नं. लु १ क ३४२२ गाडी बैंकको कब्जामा नरहेको हुनाले उक्त गाडीको लिलामी ननिकालिएको ।**

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अर्थतन्त्रको रातो संकेत

नेपालको एकमात्र अन्तरराष्ट्रिय विमानस्थल त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुन तस्करीको लागि स्वर्ग नै भन्दा फरक नपर्ला । बेलाबेला यहाँबाट क्विन्टल क्विन्टल सुन पनि सुटुसुटु छिर्छ । बेलाबखत सुन समातिए पनि नियमित सुन भित्रिएको पत्तो कसलाई ? विमानस्थलबाटमात्र हैन चीनसँगको सीमा जोडिएको नाकाबाट पनि नेपालमा फुत्तफुत्त सुन भित्रिन्छ। सामान्यतय सुन भित्रनुलाई जनताले खासै महत्वका साथ हेर्दैनन् । कोही पक्राउ परिहालेमात्र यसबारे चासो राख्छन्। यसमा पनि जनमत भन्छ – सेटिङ नमिलेपछि पक्रेछन् । पक्रिने दोषी नै होस्, सर्वसाधारण सोच्छन्, त्यो भरियामात्र होला। यसरी शंका गर्ने सुविधा सरकार, प्रशासन र विमानस्थल प्रशासनले नै दिएको हो। यसमा विमान कम्पनीहरूकोसमेत मिलेमतो भएको आशंका गरिएको छ ।

नेपालमा सुन भित्रिँदा हल्लाखल्ली किन ? यसको प्रमुख कारण हो, नेपालको गन्जागोल आर्थिक अवस्था। अर्थसम्बन्धी विश्वव्यापी नियामक संस्थाहरूले यसरी नै तस्करी जारी रहने हो भने नेपाललाई ग्रे लिस्टमा राख्ने चेतावनी दिइसकेको छ । ग्रे लिस्टमा राखेपछि वैदेशिक लगानीहरू भित्रन मुश्किल हुन्छ। हुन त अहिले पनि नेपालमा वैदेशिक रोजगारी भित्र्याउन निकै सकस नै छ । जसकारण अर्थतन्त्र ओरालो लागेको छ । तस्करी, हुन्डी कारोबार, भ्रष्टाचारका कारण देश थिलथिलो भइसकेको छ। कालो धनलाई सेतो बनाउन अनेकन तिकडममा लाग्छन् सरकारी निकायका उच्च तहका प्रशासकदेखि नेता मन्त्री नै ।

शुक्रवार १४ किलो सुन बरामद हुनु भयो । यसरी सुन पक्रँदा सरकारले ठुलै काम गरे झैं ढोल पिटाउँछ। तर यस्तो तस्करी रोक्न सक्ने संयन्त्र भने बनाउन सक्दैन । केही अघिमात्र विमानस्थलबाट ६१ किलो सुन बाहिरिएको अवस्थामा राजश्व अनुसन्धानले बदामद गरेको थियो । यसअघि गोरे काण्ड समेत मच्चिएको थियो सुनमा। तस्करसम्बन्धी जानकारहरू सुन नेपालमा खपत नहुने बरु भारत निकासी हुने बताउँछन् । नेपालका एजेन्टहरूले तस्करी गरेबापत रकम पाउने बताइन्छ। तर तस्करको ट्रान्जिट बनाउँदा विश्वव्यापीस्तरमा नेपालको भने खस्कँदो छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन अझै बनाउन सकेको छैन । यी कारणले नेपालमा लगानीको वातावरण बिग्रँदो छ। पछिल्लो समय सरकार लगानी सम्मेलनको तयारीमा छ । तर यहीबेला एनसेल काण्ड मच्चिँदा सरकार त्रसित देखिन्छ । हरियो बन्न लागेको अर्थतन्त्र पुन रातोतर्फ धकेलिने संकेत यी घटनाहरूबाट प्रष्ट हुन्छ ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्य राजभवनमा चन्द्रगुप्तलाई सम्झाउँदै थिए- 'तिमी शोक नगर, यो समय खेर फाल्ने होइन । तिम्रा पिताको किरिया-कर्मपछि तिम्रो राज्याभिषेक हुनेछ, तिमीले आज दुई कार्य गर्नु छ, एउटा राज्यको बागडोर सम्हाल्नु, दोस्रो बाबुको काजकिरिया गर्नु।'

यो के भन्नुहुन्छ गुरुदेव ! प्रजा मलाई घृणाले हेर्छन्, इतिहासमा मलाई कलंकित नबनाउनुहोस्, चन्द्रगुप्तले भने ।

ि व ज य प ि छ शकटारलाई चन्द्रगुप्तको सहायतार्थ चाणक्यले नियुक्ति गरे। शकटारतिर हेर्दै चाणक्यले भने- ' नन्दको दाहसंस्कारको व्यवस्था गर्नोस् । चन्द्रगुप्त मगधको शासक बनेको घोषणा गर्नोस्। महानन्दका किरियाकर्म भएपछि राज्याभिषेक हुनेछ।'

सूर्य अस्ताचलतिर ढल्किरहेथे। शोणनदीका किनारमा महानन्दको चिता बलिरहेथ्यो । सूर्यले आफ्नो रातो किरणद्वारा चिताको अग्निको रातोपनामा अरू रातो थपिरहेका थिए । माटोको शरीर माटैमा बिलाउन आतुर थियो, चन्द्रगुप्त शोकले खडा थिए। उनी सोच्तै छन्- मगधाधिपति, जसका हुकारले सिकन्दरद्वारा बढाइएको पाइला पनि रोकेथ्यो, जो यत्रो राज्यको मालिक त्यही आज एकमुठी धूलो हुँदैछ।

मरिसकेपछि संसारका राम्रा नराम्रा कुरा सँगै जान्छन् । मानिस ठूलाठूला कुरा पनि चाँडै बिर्सन्छ । चिताबाट मानिस आँखाभरि आँसु पार्दै घरतिर फर्किन्छ । केही समयपछि तिनै आँखा हाँस्नु, खेल्नु हासपरिहास आदिमा चम्किन थाल्छन्।

जुन मुरा यो महलबाट परित्यक्ता बनी निकालिएकी थिइन् उनै फेरि यही महलमा आइन्, तर परिस्थिति उल्टो । पहिलो अवस्थामा यो महलमा रूप र गन्ध सबैतिर देखिन्थ्यो। उन्मत्त यौवनपूर्ण नवयौवनाहरू नाचगान र सुगन्धयुक्त भई महलमा शोभा दिन्थे । तर, आज यही महलमा सुनसान एवम् सबैतिर अनुशासित सैनिकको पहरा र मृत्युजस्तो उदासी छ । यी सबै कुरा देखा मुशलाई आश्चर्य लाग्थ्यो ।

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ सुनले बनेका दुई धसिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए। क्रमशः

# बाग्मती संरक्षणमा ध्यान दिनैपर्ने विषय



पदम श्रेष्ठ

> • नदीमा ढल मिसाउने, जथाभावी बालुवा निकाल्ने, नदीको जग्गा अतिक्रमण गरी घर खेत बनाउने काम अझै रोक्न सकिएको छैन
> • सुकुम्बासी हस्तक्षेप, जग्गा अतिक्रमणलाई काठमाडौं महानगर पालिकाका वर्तमान मेयर वालेन्द्र साह बालेन र पूर्व एक्सन मेयर केशव स्थापितले समेत गर्न सकेनन्
> • सरकारका विभिन्न निकायबाट बाग्मती संरक्षणका प्रयास नभएका होइनन् । केही सुधारका कार्य पनि भएकै हो तर कार्यान्वयन पुरा नहुनुमा राज्य सरकारको दीर्घकालीन कार्ययोजनाको अभाव देखिन्छ

नेपाल नदी संरक्षण संस्थाको अगुवाईमा प्रत्येक वर्ष बाग्मती नदी महोत्सव गरी उपत्यकाका नदीहरूको सरसफाई तथा वृक्षरोपण लगायतका चेतनामुलक अभियान सञ्चालन गरिन्छ। केही हदसम्म अभियानले चेतना अभिवृद्धि गर्न साथ दिएको पनि पाइन्छ। एक समयमा त राज्यका सबै राजनीतिक पार्टीको नेतृत्व, सरकार प्रमुख समेतले खुल्लामञ्चमा उभिएर बेलुन र परेवा उडाउँदै बाग्मती सफाईको घोषणा गरिएकै हो । अहिले त प्रदेशकै नाउँ बाग्मती राखिएको छ भने देशको राजधानीसमेत रहेको यो प्रदेश देशकै सबैभन्दा विद्धान, पढेलेखेका, योजनाविद्, नेतृत्ववर्ग बस्ने केन्द्र पनि हो ।

बाग्मतीवादी नेपालका प्रथम कृषि उद्यमी स्व. हुतराम वैद्यद्वारा संकलित एक बुलेटिनमा दिईएअनुसार काठमाडौंका नदीहरू ३ सय ६० किमी लम्बाई तथा चौडाई ६ सय ३०वर्ग किमी भएर बगेको छ। काठमाडौं उपत्यकाका १३ वटा नदी सम्पदा सभ्यताको संरक्षणका लागि चेतनामुलक अभियानमा कान्जी गुम्बाका बौद्धगुरु उर्गेन दोर्जे, वैदिकका तर्फबाट पं. प्रेमप्रसाद दाहाल, वातावरणविद् भुषण तुलाधर र नेपाल नदी संरक्षणका अध्यक्ष मेघ आले, हुलासचन्द्र गोल्छादेखि अधिकार सम्पन्न बाग्मती संरक्षण समितिका कृष्ण केसीलगायत सम्मले बाग्मतीको सुधार संरक्षणमा अभियान थालिएकै हो ।

आर्ट अफ लिभिङ, नेपाल पर्यटन बोर्ड लगायतको सहभागितामा बाग्मती संरक्षण चेतना अभियान संचालन भएकै हो ।

बाग्मती फेस्टिभलका मौसम खनाल संयोजकत्वमा बाग्मती संरक्षणमा उपत्यकावासीको प्रत्यक्ष सहभागिता गराउँदै लाने उद्देश्यबाट तीन महिने नदी संरक्षण चेतना अभियान सञ्चालन पनि गरियो ।

अभियानको थालनीमा एकलब्य बागमती सफाईका अभियन्ता स्व. भगवानदास मानन्धरको गुण स्मरण गरिए बाग्मती संरक्षणका भीष्मपिता हुतराम वैद्यको पदचिन्हलाई पच्छयाउनुपर्नेमा एकमत जनाइए ।

मेघ आलेले ढलमतियुक्त बाग्मतीमा ¥याफ्टिङ चलाएर ल्याएको जागरणलाई निरन्तरता दिईनुपर्ने बताइयो ।

उपत्यकाको मुलसभ्यता बाग्मतीको नदी सम्पदाको संरक्षणका लागि एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालको प्रधानमन्त्रीकालमा सबै राजनीतिक पार्टी, जातीय, भाषिक संघ संस्थाको संयुक्त रूपमा टुँडिखेलमा बेलुन परेवा उडाएर ऐक्यबद्धतासमेत जनाए। तर नदीमा ढल मिसाउने, जथाभावी बालुवा निकाल्ने, नदीको जग्गा अतिक्रमण गरी घर खेत बनाउने काम भने रोक्न सकिएको छैन ।

बाग्मतीवादीहरू भन्छन्, बाग्मती विष्णुमति, मनहरा, टुकुचा, बल्खु, भचाखुशि, हनुमन्ते लगायतका नदी सम्पदाको जबसम्म संयुक्त र दीर्घकालीन ढंगमा जनसहभागितासहित कार्य गरिँदैन तबसम्म नदी सफाई हुन सक्दैन ।

राजनीतिक दलको सत्ता फेरिएपिच्छे परियोजनाको प्रमुख फेर्ने, नदीमा मिसाउने ढललाई ठाउँठाउँमा प्रशोधन केन्द्र बनाई ब्यवस्थापन गर्नेतर्फ काम अगाडि नबढाउने सँधै चेतनामुलक अभियान मात्रले लहडे कामको उपमाबाहेक केही नहुने उनीहरू बताउँछन्। एकीकृत माओबादीका तर्फ बाट अधिकार सम्पन्न बाग्मती नदी तथा ढल निर्माण समितिका अध्यक्ष भएका कृष्ण केसीले २६ किमिी बाग्मती सफाईका लागि २६ वटा कमिटी त गठन गरे तर उक्त कमिटीले के काम गरिरहेको छ ? कसैलाई थाह छैन । नदीमा बालुवा बढाउन, पुलको जगलाई उखेल्न ठाउँठाउँमा ग्रेबियन बनाउदै जानुपर्ने, जग्गा धेरै भएका निजी तथा सरकारी अस्पताल, कारखाना, बैंक, कम्पनी, मठमन्दिर, विहार, गुम्बा, चर्च, मस्जिद लगायतले कम्पाउन्डभित्रै प्रशोधन केन्द्र बनाइने गरेको निर्णय तारिफ योग्य भए पनि कार्यान्वयन हुन नसकेको अभियानले बतायो ।

बाग्मती सफाईका लागि गोपाल सुवेदीले २०४६ सालमा नै अनसन गर्नुको परिणाम गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीकालमा विदुर पौडेलको संयोजकत्वमा बाग्मती सुधार कमिटी बनाइयो । जसले सिनामंगलदेखि तिलगंगासम्म भुमिगत ढल निर्माण भयो, तर उक्त ढल निर्माण सुधार अधुरो भएपछि ०६६ देखि ०७१ सम्मको पञ्चवर्षीय कार्य योजनाका लागि कुल १४ अर्ब १६ करोड, ५५लाख, ७३ हजार रूपैयाँ अनुमानित बजेट अघि सारिएको बाग्मती अनुगमन समितीका अध्यक्ष महेश बस्नेतले बताएका थिए। तर त्यो बजेटले के कति काम भयो भएन आजसम्म सार्वजनिक भएको पाइएन ।

उपत्यकालाई पाँच क्षेत्रमा विभाजन गरी पर्वतश्रृंखला , वन मुहान संरक्षणका लागि २१ करोड ९८ लाख, ५१ गाविसलाई ९४ करोड १० लाख, नदीको बहाव अभिवृद्धि धर्मसम्पदा संरक्षणका लागि ३ अर्ब ३७ करोड ५९ लाख रूपैयाँ विनियोजन भएको बताइएको थियो । शहरीक्षत्र नदी संरक्षणका लागि ६ अर्ब १९ करोड, ९९ लाख, ८८ हजार, फोहरपानी तथा ढल प्रशोधन सडक निर्माण, बालुवा चोरी नियन्त्रण, ऐलानी जग्गा संरक्षण, सुकुम्बासी बस्ती ब्यवस्थापन गर्न एक अर्ब ८३ करोड, ४७ लाख, ८५ हजार र अनुसन्धानका लागि एक अर्ब ५९ करोड ४१ लाख विनियोजन गरिएको छ भनियो । त्यो पनि के भयो भएन सार्वजनिक भएको छैन ।

बाग्मतीसँगै शंखमुलदेखि टेकु दोभानसम्म साढे तीन किमी संयुक्त राष्ट्रपार्क १७ हजार रोपनी संरक्षणमा ३४ करोड, ९१ लख रूपैयाँ ७ वर्षभित्र खर्च गरी ३० अर्ब बराबरको सम्पदाको संरक्षण भएको दावी युएनपार्कका सागर रिजालको दाबी थियो तर सुकुम्बासी हस्तक्षेप, जग्गा अतिक्रमणलाई काठमाडौं महानगर पालिकाका वर्तमान मेयर वालेन्द्र साह बालेन र पूर्व एक्सन मेयर केशव स्थापितले समेत गर्न सकेनन्। त्यसैगरी बाग्मती विष्णुमति करिडर निर्माणका लागि साङलेखोलादेखि टेकुसम्म पार्क बनाउनलाई १३ अर्ब ८४ करोडको अनुमानित बजेट सहित गुरुयोजना अघि बढिसकेको भनियो तर जनसहभागिता नगराउने वा नहुने प्रवृतिका कारण काम योनजामा सीमित हुने स्थिति कायमै छ। यसकारण हामी के भन्न सक्छौं भने जनस्तर र नेपाल सरकारका विभिन्न निकायबाट बाग्मती संरक्षणका प्रयास नभएका होइनन् । केही सुधारका कार्य पनि भएकै हो तर कार्यान्वयन पुरा नहुनुमा राज्य सरकारको दीर्घकालीन कार्ययोजनाको अभाव रहेको ठहर गरिएको पाइन्छ भने शताब्दी पुरुष सत्यमोहन जोशीले आफ्नो जीवनकालमा भनेजस्तै जबसम्म नदीको दाँयाबायाँका ढललाई ठाउँठाउँमा ग्रेबियन बनाएर ब्यवस्थापन गरिँदैन तबसम्म नदी प्रदुषण रोक्न कठिन हुन्छ। जबसम्म नदीको स्वस्थ्यलाई चुस्त राख्न सुकुम्बासी अतिक्रमण, अतिक्रमण र नदीबाट जथाभावी बालुवा निकाल्ने कार्य रोकिदैन तबसम्म नदीले आफ्नो अस्तित्वलाई कायम राख्न सक्दैन ।

padamcha@hotmail.com

## नेता भन्छन्



◆ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री

अहिलेसम्म भएका प्रयत्न र परिणाम पूर्ण छैनन् । आगामी दिनमा भ्रष्टाचार नियन्त्रणका लागि थप प्रभावकारी कदम चाल्नुपर्ने जिम्मेवारी सरकार सामु छ । यसका निम्ति सरकार दृढतापूर्वक अगाडि बढिरहेको छ ।

◆ **केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



उत्तरसँग नजिक भएर विकासका काम अघि बढायो भने, नेपालमा कहिलै नाकाबन्दी नहुने गरी चीनसँग यातायात र पारवहन सम्झौता गऱ्यो भने र देशमा सुशासन ल्यायो भने सरकारबाट सबै मिलेर अठ्याउँछन् । शेरबहादुर प्रधानमन्त्री हुँदा पश्चिम सेती किन नबनेको भनेर सोधे, चीनलाई दिन मिल्दैन, चीनलाई दियो भने भारतले विद्युत किन्दैन भन्नुभयो। भारतले सबै ठाउँको बिजुली किन किन्नुपऱ्यो, हामीले यहाँ उद्योगहरू संचालन गरेर विद्युत त्यहाँ प्रयोग गरे हुन्न ? म प्रधानमन्त्री भएका बेला चीन पुगेर राष्ट्रपति सी जिन पिङसँग नेपालको आर्थिक अवस्था खस्कियो के गर्ने होला भने, उहाँले तपाईंहरू उत्पादन गर्नुस् हामी सबै किनिदिन्छौं र उत्पादन बढाउन के सहयोग गर्नुपर्छ त्यो पनि गर्छौं भन्नुभयो, फर्केर नेपाल आएपछि छलफल गरे तर सबै पार्टीका नेताहरू चीनको सहयोग लियो भने भारत रिसाउँछ पो भन्नुहुन्छ ।

◆ **माधव नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी



सातै प्रदेशमा हाम्रा एक जना भएपनि सदस्य हुनुहुन्छ, सबै प्रेदशको मन्त्रिमण्डलमा हाम्रो सहभागिता हुनुपर्छ भन्ने हाम्रो सहमति छ । यहाँ मुख्यमन्त्रीजीले आलटाल गर्दै हुनुहुन्छ, मैले उहाँलाई अस्ति पनि भनिसकें, आलटाल नगर्नुस्।

नीति योजना आयोगमा पनि हाम्रो सहभागिता हुनुपर्छ भन्ने सहमति छ, विभिन्न ठाउँमा सभापति पनि हामीलाई प्राप्त हुनुपर्छ । गण्डकीमा एउटा सहमति कार्यान्वयन भयो, मन्त्रिमण्डलमा सहभागी गराउने कुरा कार्यान्वयन भएको छैन ।



◆ **डा शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

देशलाई सम्हाल्ने लोकतान्त्रिक पार्टी कांग्रेस हो । कांग्रेस परिवर्तन नभई मुलुक परिवर्तन हुन सक्दैन। कांग्रेसलाई जनतासँग जोड्न सकेमात्र पार्टी परिवर्तन भएर अगाडि बढ्न सक्छ।



◆ **सुरेन्द्रराज आचार्य**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री

जुनसुकै स्थानीय तहमा महिलाको नेतृत्व छ भने त्यहाँ भ्रष्टाचार कम छ । त्यसैले गर्दा महिलालाई थप अधिकार दिने कुरामा हामी गम्भीर हुनैपर्छ र, महिला दिदीबहिनीहरूले पनि अधिकार माग्ने भन्दा पनि आफ्नो क्षमतामा अभिवृद्धि गर्दै जानुपर्छ ।

# प्रेरणामा अधुरो सपना पछ्याउँदै

■ विजेता चौधरी



- सातदोबाटोस्थित प्रेरणा महिला विद्यालय विद्यालयमा हाल १३ वर्षदेखि ७१ वर्ष उमेर समूहका पाँच सयभन्दा बढी महिला विद्यार्थी छन् ।
- विद्यालयबाट पहिलो एसएलसीको ब्याच २०५९ सालमा उत्तीर्ण गरेको हो । हालसम्म विद्यालयबाट पाँच सय २२ जनाले कक्ष १० उत्तीर्ण गरिसकेका छन् ।
- कक्षा १ मा 'ताराबाजी लैलै' पाठ पाका मान्छेलाई पढाउनुपर्दा भने शिक्षकहरूलाई निकै अप्ठेरो भइरहेको प्रशासनले जनायो

**ललितपुर-** समाजमा शिक्षित कहलिनु पनि कसैका लागि ठूलो सपना हुन्छ । विभिन्न कारणले पढ्न नपाउने र पढाइ पूरा गर्न नभ्याउनेका लागि यही सपना साकार बनाउन सहयोगी बनेको छ, ललितपुर सातदोबाटोस्थित 'प्रेरणा महिला माध्यमिक विद्यालय' ।

जहाँ शिक्षित हुने सपना पूरा गर्दै हुनुहुन्छ, ७१ वर्षीया इन्द्रमाया आलेमगर । बुढेसकालमा झोला भरी पुस्तक, कापी र कलम बोकेर दिनहुँ विद्यालय पुग्नु उनको दैनिकी बनेको छ । कक्षा ११ मा पढ्दै गर्नुभएकी इन्द्रमाया यस विद्यालयमा कक्षा १ देखि नै अध्ययनरत छिन् ।

विद्यालय तेह्र वर्षभन्दा माथि उमेर समूहका महिलालाई लक्षित गरी स्थापना भएको हो । विद्यालयकी प्रधानाध्यापक प्रभा चालिसेका नजरमा इन्द्रमाया मेहनती र लगनशील छिन् । 'यो उमेरमा पनि पढाइप्रतिको उहाँको लगाव लोभलाग्दो छ । एकदमै मेहनती र लगनशील पनि हुनुहुन्छ, सबै विषयमा प्रायः विशिष्ट श्रेणी ल्याउनुहुन्छ । कति पटक त उहाँलाई कक्षा 'जम्प' गराएका छौँ", चालिसेले भनिन् । इन्द्रमायालाई विद्यार्थी, शिक्षक र कर्मचारी सबैले आदरले आमा भनि सम्बोधन गर्छन् ।

इन्द्रमायाले पढ्ने र शिक्षित हुने धोको सानैदेखि कै भए पनि विभिन्न कारणले पढ्न नपाएको सुनाइन् । शिक्षित हुँदा समाजमा सम्मानित भएर बाँच्न पाइने लोभमा कक्षा १ मा विद्यालयमा भर्ना भएको उनको भनाइ छ ।

विद्यालयमा रोल्पाकी कुमारी महराले पढ्ने रहर पूरा गरिरहेकी छिन् । तत्कालीन द्वन्द्वको समयमा पढाइबीचमै छाडेकी उनले यतिबेला यस विद्यालयमार्फत पढाइ अगाडि बढाएकी हुन् । 'द्वन्द्व सकिँदासम्म पढ्ने उमेर घर्किसकेको थियो, आफूभन्दा सानासँग बसेर पढ्न मन लागेन', महरा भन्छिन्, 'त्यो बेला छाडेको पढाइले यो विद्यालयका कारण अहिले निरन्तरता पाएको छ ।'

विद्यालयकी प्रधानाध्यापक चालिसेका शब्दमा कुमारी पढ्नमा जेहेन्दार थिइन् । उनले एसइई प्रथम श्रेणीमा उत्तीर्ण गरेपछि अहिले पद्मकन्या क्याम्पसबाट अंग्रेजी विषयमा स्नातकोत्तरको पढाइ पूरा गरिसकेकी छिन् । कुमारी अहिले मानवअधिकार आयोगमा अधिकृत पदमा जागिरे छिन् । इन्द्रमाया र कुमारीले जस्तै शिक्षित बन्ने सपना पछ्याउँदै विद्यालयमा आउने महिलाको सङ्ख्या ठूलो रहेको प्रधानाध्यापक चालिसेको भनाइ छ ।

काठमाडौँ तीनकुनेस्थित उत्प्रेरणा महिला माध्यमिक विद्यालयकी प्रधानाध्यापक सुमित्रा मैनालीले विद्यालयमा आउने महिलामा पढाइप्रतिको लगाव निकै ठूलो देखिने गरेको बताइन् । 'भर्ना हुन आउने धेरै महिलामा कुनै इखले काम गरेजस्तो लाग्छ । कसैलाई पढाइ छुटेको पीडा छ त कसैलाई छोराछोरीले लगाएको बचनले काम गरेजस्तो लाग्छ', मैनालीले भनिन्, 'महिला साक्षर होइन कि शिक्षित बन्नुपर्छ भन्ने भावनाका साथ हामी अगाडि बढिरहेका छौँ ।'

गट्ठाघरस्थित आस्था महिला विद्यालयकी संस्थापक प्रधानाध्यापक पार्वती ज्ञवालीले 'अधुरो शिक्षा पुरा गरौँ, आत्मनिर्भर बनौँ' भन्ने नाराका साथ ओझेलमा परेका महिलालाई शिक्षाको मूलधारमा ल्याउने प्रयास जारी रहेको बताइन् ।

## बैंकको काम र प्रविधि सिक्न विद्यालयसम्म

प्रेरणा विद्यालयकी प्रधानाध्यापक चालिसेका अनुसार परिवारका सबै सदस्यलाई कार्यालय र विद्यालय पठाएर दिउँसोको खाली समय सदुपयोग गर्दै छुटेको पढाइ निरन्तरता दिने महिलाको संख्या ठूलो छ । 'उहाँहरूमध्ये कतिपयका छोराछोरी विदेशमा हुनुहुन्छ, विदेशमा बसेकासँग कुराकानी गर्न समस्या भयो, मोबाइलका एपहरू चलाउन र इन्टरनेटमा खोज्न पनि जान्नुपर्ने भयो', उनले भनिन्, 'यी सबै आवश्यकताले उहाँहरूलाई विद्यालयसम्म ल्याएको हो भन्ने लाग्छ ।'

केही त अंग्रेजी सिक्ने उद्देश्यले पनि आउने गरेको उनको अनुभव छ । बैंकको काम गर्न, भौचर र चेक भर्न पनि समस्या हुने र अन्य प्रविधि नजान्दा पछि परिने समस्या धेरैको भएको उनको भनाइ छ । 'उहाँहरूको आवश्यकतालाई ध्यान दिएर विद्यालयले कम्प्युटर शिक्षामा जोड दिएको छ, यसले उहाँहरूलाई प्रविधिबारे जान्न सहयोग गरेको छ', चालिसेले भनिन्, 'विद्यालयमा प्रोजेक्ट वर्क, साइन्स ल्याब पनि छन् । अङ्ग्रेजी र गणितलगायतका सबै विषय पनि व्यवहारिक पद्धतिबाटै पठनपाठन हुँदै आएको छ ।'

## विद्यालय जहाँ स्वास्थ्य पनि शिक्षा पनि

बढ्दो उमेरको महिलामा विभिन्न प्रकारका शारीरिक समस्या आउँछन् । तनाव र थकान हुनु स्वभाविक पनि हो । त्यही भएर उनीहरूलाई बेलाबेला शैक्षिक भ्रमणमा लैजाने गरिएको प्रधानाध्यापक चालिसेको भनाइ छ । 'भक्तपुर, चाँगुनारायण, विभिन्न सङ्ग्रहालयमा लगेर त्यसबारे जानकारी लिन पाउँदा उहाँहरू निकै खुशी हुनुहुन्छ । यसबाट उहाँहरू चिन्तामुक्त भएको बताउनुहुन्छ', चालिसेले भनिन्, 'दिनहुँ विद्यालय आएपछि पनि कतिपयले रोग र तनाव कम भएको सुनाउनुहुन्छ ।'

त्यति मात्रै होइन, रोजगारीका लागि, जागिरे महिला बढुवाका लागि पनि यहाँ विद्यालयमा आउने गरेको प्रधानाध्यापक चालिसेको भनाइ छ । विद्यालयमा हाल १३ वर्षदेखि ७१ वर्ष उमेर समूहका पाँच सयभन्दा बढी महिला विद्यार्थी छन् ।

सातदोबाटोस्थित प्रेरणा महिला विद्यालयले हालै स्थापनाको रजत जयन्ती मनाएको छ । प्रेरणा प्रथम महिला विद्यालयका रूपमा स्थापना भए पनि हाल उपत्यकामा यस्ता विद्यालयको सङ्ख्या सात पुगेको छ । साथै बुटबल, तनहुँलगायतका जिल्लामा पनि यस्ता विद्यालय विस्तार भइरहेका छन् ।

पच्चिस वर्षअघि र अहिलेको समय धेरै अन्तर आएको प्रधानाध्यापक चालिसेको अनुवभ छ । 'पहिले नपढेका महिलाको सङ्ख्या देशभरी नै धेरै थियो, तर यो संख्या दुर्गमका जिल्लामा बढी छ', उनले भनिन्, 'कम उमेरका विद्यार्थी प्रायः बाहिर जिल्लाका हुनुहुन्छ भने पाको उमेरका महिलाको सङ्ख्या सहरी क्षेत्रमा अझै पनि छ ।' विद्यालयमा बिहान र दिउँसो गरी दुई सिफ्टमा अध्यापन भइरहेको छ ।

## पहिलो महिला विद्यालयको स्थापना

महिला विद्यालयको स्थापना पछाडि चार जना महिलाको योगदान छ । तत्कालीन समयमा हालकी प्रधानाध्यापक प्रभा चालिसेका साथमा राधा तिमिल्सिना, जनक चालिसे र प्रमिला शर्मा संस्थापक हुन् । चार महिलाको परिकल्पनाकै कारण मुलुकमा पहिलोपटक महिला विद्यालयको स्थापना भएको थियो । जसको उद्देश्य विद्यालय शिक्षाभन्दा टाढा रहेका महिलालाई प्रौढ शिक्षाभन्दा पनि विद्यालय शिक्षा दिएर सक्षम बनाएका थिए ।

सामाजिक कामा रुचि राख्ने उहाँहरू विभिन्न कार्यक्रममा जाँदा एक कक्षा पनि नपढेका, पढाइ छुटेका महिलासँग भेट्थे । जसको पढ्ने रहर पनि थियो । कतिपय त कक्षा १० मात्रै गर्न पाए हुन्थ्यो भन्ने पनि भेटिए । तिनै महिलाको रहरले उनीहरूलाई महिला विद्यालय स्थापनाका लागि घच्घचाएको थियो ।

त्यो बेला सरकारले सञ्चालन गरेको सामुदायिक विद्यालय प्रशस्त थिए । निजी विद्यालय पनि थिए । तर उमेर पुगेका महिलालाई साना बालबालिकासँग बसेर पढ्न अप्ठेरो र संकोच महसुस हुन्थ्यो ।

प्रधानाध्यापक चालिसे भन्छिन्, 'त्यही बेला महिलाका लागि छुट्टै विद्यालय खोलौँ भन्ने लागेको हो । त्यसका जिल्ला शिक्षा कार्यालय ललितपुरका जिल्ला शिक्षा अधिकारीसँग सल्लाह गरेर विद्यालयका लागि स्वीकृति माग्यौँ । शिक्षा अधिकारीले, शिक्षा नियमावलीमा १४ वर्षभन्दा माथिका महिलालाई भनेर पढ्नका लागि कुनै पनि प्रावधान वा नीति नियम नबनेको बताउनुभयो । तर हाम्रो ठूलो आग्रहपछि एउटा विनियम बनाएर स्वीकृति दिनुभयो ।'

सुरुमा कक्षा ६ देखि १० कक्षासम्म शुरु भयो । 'हामी चारै जनाले रु ५० हजारका दरले रु दुई लाख लगानी गर्‍यौं । सुरुमा घर, कारखाना, गार्मेन्ट, बस स्ट्यान्डसम्म पुगेर महिलालाई पढ्नका लागि आग्रह गर्दै विद्यार्थी खोज्यौँ', चालिसेले भनिन् ।

विद्यालयमा पहिलो वर्षमा २७ जना विद्यार्थी भर्ना भएका थिए । तर दोस्रो वर्षमा आइपुग्दा यो संख्या सातमा सीमित भयो । पछि कक्षा १ देखि नै पढाउन सुरु गरेपछि विद्यालय बढ्न थालेको उनको भनाइ छ । तर २०६२/६३ मा विद्यार्थी यति धेरै सङ्ख्यामा आए कि विद्यालयलाई थेग्नै समस्या हुने अवस्था आयो । 'त्यतिबेला विद्यार्थी संख्या सात सय पुगेको थियो । २०६२ पछि द्वन्द्व प्रभावित विद्यार्थी धेरै आएका थिए', उनले भनिन् ।

अहिले पनि विद्यालयमा ७७ जिल्लाकै विद्यार्थी अध्ययनरत छन् । चालिसेका अनुसार २०७२ सालको भुँइचालोपछि विद्यार्थीहरू घटेका थिए तर पछि कतिले पुनः पढाइ फेरि शुरु गरेका छन् ।

प्रेरणा माध्यमिक विद्यालयबाट पहिलो एसएलसीको ब्याच २०५९ सालमा उत्तीर्ण गरेको हो । हालसम्म विद्यालयबाट पाँच सय २२ जनाले कक्ष १० उत्तीर्ण गरिसकेका छन् । विद्यालय सञ्चालन भएको तीन वर्षभित्र नै कक्षा १ देखि ५ सम्म थपियो । हाल १ कक्षादेखि १२ सम्मका कक्षा सञ्चालन भइरहेका छन् । संस्थापक प्रमिला शर्मा अहिले पनि शिक्षक हुन् र उनले विद्यालयको दिउँसोको सिफ्टको जिम्मेवारी सम्हाल्छिन् ।

## पढाउन छैन सजिलो

प्रधानाध्यापक चालिसेको अनुसार पाको उमेरका महिलालाई पढाउन निकै गाह्रो छ । 'बालबालिका एक/दुई पटक भनेपछि प्रायः टिप्छन् तर बढी उमेरमा बारम्बार अभ्यास गराउनुपर्छ । उहाँहरूलाई पढाउन झर्को नमानी पढाउनुपर्छ', उनले भनिन् । उनले महिला विद्यालयका शिक्षकका लागि सरकारले तालिमसमेत दिएको बताइन् ।

विद्यालयमा सबै विषयका विषय शिक्षक छन् । विद्यार्थीबाट उठेको शुल्कबाट नै विद्यालय सञ्चालन भइरहेको चालिसे बताउँछिन् । यसका साथै जिल्ला शिक्षा कार्यालयबाट अनौपचारिक शिक्षाका नाममा केही रकम विनियोजन हुने गरेको छ ।

## पाठ्यपुस्तक नै समस्या

प्रायः महिला विद्यालयको गुनासो पाठ्यपुस्तक विद्यार्थी केन्द्रित नभएको हुने गरेको छ । प्रधानाध्यापक चालिसेले भनिन्, 'सबैभन्दा अप्ठ्यारो पाठ्यपुस्तकले पारिरहेको छ । कक्षा १ मा 'ताराबाजी लैलै' पाठ पाका मान्छेलाई पढाउनुपरेको छ । पाका उमेरका महिलाका लागि लक्षित गरी सरकारले छुट्टै पाठ्यपुस्तक व्यवस्था गरिदिनुपर्छ । गणित, अंग्रेजीलगायतका विषयमा यही समस्या छ', उनले भनिन् ।

आस्था महिला विद्यालयकी संस्थापक पार्वती ज्ञवाली भन्छिन्, 'पाठ्यपुस्तक पाका महिलाका लागि उपयुक्त छैन । बालबालिकाको पढ्ने उमेर, क्षमता र मनोविज्ञानलाई ध्यानमा रखेर बनाइएको पाठ्यपुस्तकले महिलालाई पढाउनुपरेको छ ।'

## पूर्वविद्यार्थी जो समाजमै उदाहरणीय

विभिन्न महिला विद्यालयबाट पढाइ पूरा गरेका पूर्वविद्यार्थी यतिबेला समाजका लागि उदाहरणीय बनेका छन् । प्रेरणा माध्यमिक विद्यालया एसइई उत्तीर्ण गरेकी विष्णु थापा अहिले स्नातकोत्तर र एलएलबीसम्मको अध्ययन पूरा गरी सेवारत हुन् । पूर्वविद्यार्थी मनिषा पौडेल जर्मनीबाट एमएसी नर्सिङको पढाइ पूरा गरेर जर्मनीमै नर्सका रूपमा कार्यरत छन् ।

प्रेरणा विद्यालयबाट पहिलो ब्याचको एसइई उत्तीर्ण कुमारी महरा मानवअधिकार आयोगमा अधिकृत पदमा कार्यरत छन् । नविना चित्रकार नेपाल राष्ट्र बैंकमा जागिरे छिन् भने पूर्वविद्यार्थी पूर्णमाया आलेले तनहुँमा महिला विद्यालय सञ्चालन गरेकी छिन् ।

प्रेरणा विद्यालयकी प्रअ चालिसे शिक्षकलाई योग्यता र क्षमताअनुसारको तलब दिन नसकेको बताउँछिन् । उनको विद्यालयमा हाल २८ जना शिक्षक र कर्मचारी कार्यरत छन् । सरकारले महिला विद्यालयलाई पनि सामुदायीक विद्यालयसरहको सेवा सुविधा उपलब्ध गराइदिनुपर्ने उनको माग छ । *रासस*


**मोटरसाइकल हराएको सूचना**

श्री ज्ञानु परियारको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८०/०८/१२ गते जि.का.ता.न.पा वडा नं. ११ शेषमती स्थित घर निरको गल्ली पार्किङबाट राती ११:०० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार - Pulsar-200CC NS
बाई नं. बाग्मती प्रदेश -०२-०३४ प ०५६७
चेसिस नं. MD2A36FX3MCH96411
इन्जिन नं. JLXCMH92362
रङ्ग - RED
सम्पर्क - 9860400019

**मोटरसाइकल हराएको सूचना**

श्री सन्तबिर तामाङको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८०/०८/२२ गते ककनी गा.पा वडा नं. १ नुवाकोट ओखर पौवा लप्सीबोट स्थित सडकको साईडमा पार्किङबाट बिहान ४:०० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार - Pulsar-220CC NS
बाई नं. बाग्मती प्रदेश -०२-०३३ प ९७९०
चेसिस नं. MD2A13EX9MCJ94407
इन्जिन नं. DKXCMG27799
रङ्ग - रातो, कालो
सम्पर्क - 9861376195

**श्री भगवती सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी गा.पा.८ ओभरी बाँके**

**दरभाउपत्र आह्वानको लागि सूचना !**

(पहिलो पटक प्रकाशित मिति : २०८०/०८/२४)

यस सामुदायिक वनको वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना नविकरण कार्य अन्तर्गत सामुदायिक वनको वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयारी कार्य परामर्श सेवा प्रदायकबाट सम्पन्न गराउनु पर्ने भएकाले योग्यता पुगेका इच्छुक सो सम्बन्धी कार्य गर्न इजाजत प्राप्त संघसंस्था, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्रऔं) दिन कार्यालय समयभित्र रीतपूर्वक सो कार्य स्वीकृत लागत अनुमानको परिधिभित्र के-कतिमा कसरी सम्पन्न गर्न सकिन्छ सो को जानकारी सहितको दरभाउ सहितको प्राविधिक तथा आर्थिक आशयपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ । विस्तृत जानकारी तथा स्वीकृत लागत अनुमानको लागि सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्नु होला ।

**श्री भगवती सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी गा.पा.८ ओभरी, बाँके

Government of Province
**Water Supply, Irrigation and Energy Development Office**
Karnali Province, Kalikot, Nepal

**Invitation for bids**

**Tender Notice No: 01/080-081/WINEDO-KALIKOT**
**(Date of First times Publication: 2080/08/24 (2023-Dec-10)**

**1. Contract detail.**

| Contract Number | Description of work | Estimated Amount without VAT | Bid Security Amount | Bid Document fee | Remarks |
|---|---|---|---|---|---|
| 01/080-081/NCB/ GOODS/WS/ WIEDO-KALIKOT | Procurement and delivery of HDPE pipe (NS-40, PE-100) | 89,28,437.35 | 2,55,000.00 | 3000.00 | NCB |

**2. Purchase, Submission and Opening :**

| Contract No. | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | For further information, Tel.:087-440003, Email: winedokalikot@gmail.com and in website **bolpatra.gov.np.** |
|---|---|---|---|---|---|---|---|
| | Up to Date | Time | Up to Date | Time | Date | Time | |
| 01 | 2080/09/23 (2024-Jan-08) | 16:00 | 2080/09/24 (2024-Jan-09) | 12:00 | 2080/09/24 (2024-Jan-09) | 13:00 | |

**3. Revenue Details :**

| Bank | Name of Office | Revenue A/c No. | Office code | Revenue Heading No. | Deposit A/c No. |
|---|---|---|---|---|---|
| Rastriya Banijya Bank, Kalikot Branch | Water Supply, Irrigation and Energy Development Office, Kalikot | 1000200010000 | 3080165016 | 14229 | 4120502000000 |

**Office Chief**

प्रभाव दैनिक

आइतबार, २४ मंसिर २०८० (Sunday, December 10, 2023)

रूपशाला

## 'जम्प' अर्को शुक्रबारदेखि

मंसिर २९ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'जम्प'लाई चलचित्र जाँच समितिले पीजी प्रमाणपत्र प्रदान गरेको छ। १६ बर्ष मुनिका बालबालिकाले अभिभावकको साथमा मात्रै फिल्म हेर्नुपर्ने भनिएको छ। सेन्सर बोर्डमा फिल्मले राम्रो प्रतिक्रिया प्राप्त गरेको निर्देशक आशुतोषध्वज कार्कीले बताए। फिल्मको रनटाइम १ घण्टा ३७ मिनेट २४ सेकेण्ड तय छ। उनले यही फिल्मबाट डेब्यु गर्दैछन्। जीवनमा आइपर्ने बाधा र त्यसलाई पन्छाउनका लागि चालेको एउटा अनौठो कदमपछिको अवस्था र तनावको कथालाई फिल्मले पेश गर्ने उनको भनाई छ।



# मानवअधिकार प्रवर्द्धनमा चलचित्र प्रभावकारी माध्यम : अध्यक्ष मगर

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले मानव अधिकार प्रवर्द्धन हुने गरी चलचित्र निर्माण गर्न चलचित्र निर्माताहरूलाई आग्रह गरेका छन् । मानव अधिकारको संरक्षण र प्रवर्द्धन हुने गरी जनचेतना ल्याउने गरी चलचित्र निर्माण गर्न यसका निर्माताहरूलाई उनले आग्रह गरेका हुन्।

शनिबार काठमाडौंमा आयोजित ११ औं नेपाल मानव अधिकारसम्बन्धी अन्तर ाष्ट्रिय चलचित्र महोत्सव-२०२३ को उद्घाटन समारोहमा बोल्दै अध्यक्ष मगरले राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार प्रवर्द्धनका लागि प्रभावकारी माध्यम भएकाले चलचित्र निर्माताहरूसँगको सहकार्यलाई जोड दिएको र त्यसलाई निरन्तरता दिने सोच अघि बढाएको तर्क समेत गरे ।



जनतालाई सबैभन्दा प्रभावकारी ढंगले मानव अधिकारको प्रवर्द्धन गर्न सिकाउने माध्यम चलचित्र क्षेत्र भएकाले यस क्षेत्रसँगको सहकार्यलाई आफूहरूले जोड दिएको उनको भनाई थियो । अध्यक्ष मगरले सबै अधिकारहरू मानव अधिकार भित्र पर्ने भएकाले पनि चलचित्र निर्माताहरूले यसको प्रवर्द्धनमा जोड दिन आवश्यक रहेको समेत बताए ।

# अमृताको 'खोई त मेरो कुरा बुझ्केको'

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिका तथा मोडल अमृता लिम्बूको नयाँ गीतको भिडियो सार्वजनिक भएको छ । गायिका अमृतासँगै शायल हेल्लोक लिम्बूको युगल स्वर रहेको ' खोई त मेरो कुरा बुझ्केको' बोल गीतको यस भिडियो शुक्रबार युट्युबमार्फत सार्वजनिक गरिएको हो ।

गायिका अमृता विशेषगरी पुर्वेली फ्लेभरको आधुनिक गीतका लागि चर्चित छिन् । तर, यसपटक अमृताले यसअघिका आफ्ना गीतहरूभन्दा फरक स्वाद दर्शक तथा श्रोतालाई फस्कने प्रयास गरेकी छन् । पुर्वेली लोकलयमै तयार पारिएको भएपनि यस गीतलाई अमृता र शायलले फिल्मीशैलीमा गाएका छन् ।



गायनसँगै मोडलिङसमेत आएकी अमृताले विशेषगरी आफ्नो गीतको भिडियोमा मोडलिङ तथा अभिनय गर्दै आएकी छन् । तर, यस भिडियोमा भने उनले धित् खोलेर नाचेकी छन् ताकि, यस गीतको भिडियोमार्फत अमृताले आफूलाई नृत्यमा समेत अब्बल छन् । भिडियोमा अमृतासँग विनोद न्यौपानेले अनस्क्रिन रोमान्स गरेका छन् । भिडियोमा अमृता र विनोदको केमेष्ट्रि समेत जमेको छ ।

डिपी खनालको शब्द र शंकर थापा 'स्माइल'को संगीत रहेको यस गीतको भिडियोलाई युवराज वाइबाले निर्देशन गरेका हुन् । प्रमोद भण्डारीको कोरियोग्राफी रहेको यस भिडियोलाई निश्चल पौडेलले छायाँकन गरेका हुन् भने सम्पादन विकास दाहालले गरेका हुन् ।

# कविडाँडा आख्यान पुरस्कार सुवेदीलाई

■ प्रभाव संवाददाता

**चितवन–** कविडाँडा साहित्य समाजले हरेक वर्ष प्रदान गर्दै आएको कविडाँडा उत्कृष्ट आख्यान पुरस्कार २०७९ आख्यानकार डा देवीप्रसाद सुवेदीलाई प्रदान गरिएको छ । उनको ऋग्वैदकालीन उपन्यास 'मनु'लाई यो पुरस्कार प्रदान गरिएको हो । लाल-मीना फाउण्डेसनका अध्यक्ष मीना लामिछाने र कविडाँडा साहित्य समाज चितवनका अध्यक्ष एलबी क्षेत्रीले सम्मानपत्रसहित सुवेदीलाई उक्त पुरस्कार प्रदान गर्नुभएको हो । पुरस्कारको राशि रु एक लाख २५ हजार रहेको छ ।

समाजले उक्त पुरस्कारका लागि गत भदौ २३ गते १० वटा उत्कृष्ट आख्यान कृतिको सूची सार्वजनिक गरेको थियो । त्यसपछि दोस्रो चरणमा उत्कृष्ट पाँचवटा कृतिको सूची सार्वजनिक गरियो । सूचीमा सुवेदीको मनु उपन्याससहित जानुका खतिवडाको आतोओडा, विवेक ओझाको ऐँठन, रामलाल जोशीको बाआमा, अशोक थापाको सन्तापको धुन, गोपी सापकोटाको चिसो बाफ, मनोज चौधरीको टुवरा, सञ्जय विष्टको माटाको घर, हरिबोल काफ्लेको यशोधरा र रेणुका जिसीको सनेस रहेका थिए ।





बुकहिल पब्लिकेशन्सबाट प्रकाशित सुवेदीको मनु उपन्यास ऋग्वैदिक समाजको परिवेशमा चित्रित सामाजिक-सांस्कृतिक, पौराणिक विषयवस्तुमा आधारित उपन्यास हो । समाजले विसं २०७५ बाट पुरस्कार प्रदान गर्न थालेको हो । मनु उपन्यासले खेमलाल हरिकला समाज कल्याण प्रतिष्ठानले प्रदान गर्ने पद्मश्री पुरस्कार- २०७९ पनि प्राप्त गरेको छ । विसं २०६० मा कविडाँडा साहित्य समाजको स्थापना भएको हो । पुरस्कार वितरण समारोहमा साहित्यकार डा केशवराज चालिसे र डा महेश पौडेल कृति एवं पुरस्कारको विषयमा बोल्नुभएको थियो । सो अवसरमा गायत्री श्रेष्ठ, श्रीओम श्रेष्ठ, राजेन्द्र केशी, उदय अधिकारी, सुरेन्द्र अत्सफलगायतले बोलेका थिए ।

# आर्टमाण्डुले ल्यायो 'पञ्चमी मेला'

■ प्रभाव संवाददाता

**काठमाडौं–** आर्टमाण्डुले नयाँ म्युजिकल फिल्म 'पञ्चमी मेला' सार्वजनिक गरेको छ । रैथाने संस्कृतिलाई संगीतमा मिसाएर दर्शकमाझ ल्याउँदै आएको यो समूहले ' पञ्चमी मेला'मार्फत पाँचथरको पञ्चमी बजारको कथा पेश गरेको छ ।

यो म्युजिकल फिल्म समेत हो । फेसबुकमा भिडियो सार्वजनिक गर्दै निर्देशक नवीन चौहानले जीवन स्मृतिलाई यसमा समेटिएको उल्लेख गरेका छन् ।

उनी लेख्छन्- मैले पहिलो पटक



दुनियाँ देखेको ठाउँ यही पञ्चमी हो । मेरो जीवनमा पहिलो पटक साथीहरू बनेका यही पञ्चमीका हुन् । पहिलो पटक भिडियोमा फिल्म हेर्न पाएको पञ्चमी बजारमा हो । पहिलो हाट बजार भरेको अनुभव यही पञ्चमीको छ ।'

आठ मिनेट लामो भिडियोमा पञ्चमी बजारमा पुगेका दुई युवायुवतीको प्रेममार्फत निर्देशकले पूर्वेली स्वाद पस्किएका छन् । पाँचथरका युवक र इलामबाट सिमी बेच्न पुगेकी युवतीको भेटसँगै कथा अघि बढ्छ । युवतीको हात माग्न युवक घरसम्म पुग्छन् ।

रंगशाला

एनएसएल फुटबल

# बराबरीसँगै धनगढी शीर्षस्थानमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग एनएसएलमा शनिबारको खेलमा बुटवलले काठमाडौंलाई पराजित गरेको छ भने अर्को खेलमा धनगढी एफसीले स्पोर्टिङ इलामसँग बराबरी खेलेको छ ।

पहिलो खेलमा धरान र इलामबीच भएको खेलमा पहिलो हाफमा २-० ले पछि परेको स्थितीलाई उल्ट्याउँदै धनगढीले इलामसँग २-२ गोलको बराबरी खेल्दै अंक बाँडेको हो ।

दोस्रो हाफमा उत्कृष्ट पुनरागमन गरेको धनगढी शीर्ष स्थानमा फर्किएको छ । पोखरा थन्डर्ससँग अंक बराबरी गरेको धनगढी बढी गोल गरेको आधारमा शीर्ष स्थानमा उक्लिएको हो । खेलको ४४ औं मिनेटमा फोडे कामाराले गोल गर्दै इलामलाई सुरुवाती अग्रता दिलाए । पहिलो हाफको इन्जुरी समयमा उमर थियोमले गोल गर्दै इलामको अग्रतालाई दोब्बर बनाएका थिए ।

धनगढीले दोस्रो हाफमा सुधारिएको प्रर्दशन गर्यो । खेलको ६८ औं मिनेटमा अग्यमङले पेनाल्टीमा गोल गर्दै धनगढीलाई खेलमा फर्काउने संकेत गरेका थिए ।

बेन्चबाट मैदान छिरेका ओलावाले अफिजले हेडमार्फत धनगढीलाई बराबरीमा ल्याएका थिए । ८३ औं मिनेटमा फोफोनाको क्रसममा अफिजले हेडमार्फत सुन्दर गोल गरेका थिए । इलामसँग अंक लिदै धनगढीले ८ अंक जोड्यो । समान अंक भएको पोखरा दोस्रो स्थानमा छ । इलामले तालिकामा ५ अंक जोडेको छ ।

त्यस्तै शनिबारै सम्पन्न अर्को खेलमा बुटवल लुम्बिनीले काठमाडौं रेजर्सलाई हराएको छ । दशरथ रंगशालामा शनिबारको दोस्रो खेलमा बुटवलले साविक विजेता काठमाडौंलाई २-१ ले हराएको हो । सुरुवाती अग्रता बुटवलले २८ औं मिनेटमा स्टेफन सामिर बिनोङको गोलमा लिएको थियो । पहिलो हाफमा १-० ले अघि बढेको बुटवलका लागि दोस्रो हाफमा एरिक विष्टले गोल गर्दै बुटवलको अग्रतालाई २-० मा पुर्याएका थिए ।

जिलेस्पी जंग कार्कीको क्रसमा कप्तान समेत रहेका एरिकले गोल गर्न सफल भएका थिए । खेलको इन्जुरी समयमा राजिव लोप्चनले गोल गरेपनि काठमाडौंको हार टार्न भने सकेनन् । काठमाडौंका केही सुन्दर अवसर बुटवलका गोलकिपर मोहमदुले विफल पारेका थिए ।

सुरुवाती दुई खेल गुमाएर सिजनको खराब सुरुवात गरेको बुटवल पछिल्ला तीन खेलमा अपराजित छ । तेस्रो खेलमा स्पोर्टिङ इलामलाई हराएको बुटवलले चौथों खेलमा एफसी चितवनसँग अंक खोस्न सफल भएको थियो । पछिल्ला तीन खेलमा बिनोङले बुटवलका लागि गोल गरेका छन् ।

काठमाडौंलाई हराउँदै बुटवल लुम्बिनी लिग तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । काठमाडौं भने ५ अंक सहित तालिकाको पाँचौं स्थानमा झरेको छ ।

# सावित्रालाई काठमाडौं युरोको सम्मान

**काठमाडौं–** काठमाडौं युरो स्कुल, गोंगबुले फुटबलर सावित्रा भण्डारीलाई शनिबार नगदसहित सम्मान गरेको छ । राष्ट्रिय महिला फुटबल टोलीकी सदस्य सावित्रालाई फुटबल खेलको माध्यमबाट राष्ट्रलाई अन्तर्राष्ट्रिय जगत चिनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँदै नेपालको गौरव बढाएकोमा काठमाडौं युरो स्कुलले आफ्नो स्पोर्ट्स मिटको समापनका अवसरमा सम्मान गरेको हो ।

काठमाडौं युरोका अध्यक्ष प्रमोद पाण्डे, बोर्ड अफ डाइरेक्टर राजाराम पुडासैनी र ज्ञानेन्द्रमान जोशी, शैक्षिक निर्देशक डा. दीपक गुप्ता तथा भाइस प्रिन्सिपल राममणि पौडेलले सावित्रालाई नगद, प्रशंसा पत्र र मायाको चिनो प्रदान गरी एक कार्यक्रमबिच सम्मान गरे । 'साम्बा' उपनामले चिनिने सावित्रा युरोपको व्यावसायिक फुटबल लिग खेल्ने पहिलो नेपाली खेलाडी हुन् ।

सोही अवसरमा सावित्राले काठमाडौं युरोमा नवनिर्मित फुटसल कोर्टको उद्घाटन गर्नुका साथै स्पोर्ट्स मिटमा पदक जित्न सफल खेलाडीलाई पुरस्कृत पनि गरेकी थिइन् । स्पोर्ट्स मिटमा फुटबल, बास्केटबल, एथलेटिक्स, कबडी र विभिन्न परम्परागत खेलमा प्रतिस्पर्धा भएको थियो ।

काठमाडौं युरो स्कुलले विगतमा दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता करातेका दीपक श्रेष्ठ र मन्डेकाजी श्रेष्ठ, १३ औं सागका स्वर्ण विजेता साइक्लिङका बुद्धिबहादुर तामाङ, करातेका पर्शुराम बाँस्तोला, फुटबलका प्रज्ज्वलप्रताप क्षेत्री, सागका कीर्तिमानी धावक वैकुण्ठ मानन्धर, करातेका सुमन तिम्सिनालगायतलाई सम्मान गरेको थियो ।

आईटिएफ टेनिस

# युथ अफ टीकापुर सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**कैलाली–** धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) अन्तर्गत आज सम्पन्न दुई खेलमा युथ अफ टीकापुर र गरुडा नगरपालिका विजयी भएका छन् । समूह 'बी' बाट युथ अफ टीकापुरले सेमिफाइनलमा स्थानसमेत पक्का गरेको छ । पहिलो खेलमा युथ अफ टीकापुरले कैलाली मल्टिपल क्याम्पसलाई पराजित गर्दै समूह चरणमा तीन जीतका टीकापुरले सेमिफाइनलमा स्थान सुरक्षित गऱ्यो ।

युथ अफ टीकापुरले दिएको ९५ रनको लक्ष्य पछ्याउने क्रममा निर्धारित ११ ओभरमा कैलालीले सात विकेट गुमाएर ७९ रन मात्र बनाउन सक्यो । कैलालीको ब्याटिङमा कप्तान दीपक कँडेलले सर्वाधिक ३८ रन र पारस रोकायाले १२ रन योगदान दिए । युथ अफ टीकापुरका लाग सुमित महर्जनले दुई विकेट लिए भने मोहम्मद हुसेन, हरि चौहान, गौतम केसी र प्रकाश जैसीले एक/एक विकेट लिए ।

खराब मौसमका कारण ११ ओभरमा घटाइएको खेलमा टस जितेर ब्याटिङ गर्दै युथ अफ टीकापुरले सात विकेट गुमाएर ९४ रन बनायो । टीकापुरका लागि प्लेयर अफ द म्याच घोषित गौतम केसी तथा प्रकाश जैसीले समान ३४ रनको योगदान दिए । केसीले २७ बलमा एक चौका र तीन छक्का तथा जैसीले २२ बलमा तिन चौका र एक छक्का प्रहार गरे । ३८ रनमा चार विकेट गुमेको अवस्थामा केसी र जैसीले छैटौं विकेटको लागि ५५ रनको साझेदारी गरे ।

कैलालीको बलिङमा अभिषेक कुँवर र सुशील विष्टले दुई/दुई तथा लोकेन्द्र खनाल र पारस रोकायाले एक/एक विकेट लिए । दोस्रो खेलमा गरुडा नगरपालिकाले विजयी सुरुवात गर्ने क्रममा सुदूरपश्चिमान्चल एकेडेमीलाई ९८ रनले पराजित गऱ्यो ।

गरुडाले दिएको एक सय ७४ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमाञ्चल एकेडेमीले २० ओभरमा आठ विकेटको क्षतिमा जम्मा ७५ रन मात्र बनायो । सुदूरपश्चिमाञ्चल एकेडेमीको लागि निसान रेग्मीले १८ तथा सौर्य श्रेष्ठले १४ रन बनाए । गरुडाका बलर धर्मेन्द्र साहले चार विकेट लिए । उनले चार ओभरमा १२ रन मात्र खर्चिए । नरेश शाह, रूपेश सिंह र नितेश यादवले एक/एक विकेट लिए ।

टस जितेर ब्याटिङ गरेको गरुडाले २० ओभरमा आठ विकेट गुमाएर एक सय ७३ रन बनायो । गरुडाका लागि रूपेश सिंहले आक्रामक ब्याटिङ गर्दै ६० रन योगदान दिए । उनले २९ बल खेल्दै पाँच चौका र पाँच छक्का प्रहार गरे । निश्चल बिक्रमले अविजित ४३ रन बनाए । उनले २३ बलमा चार चौका र तीन छक्का प्रहार गरे । जम्मा ७६ रनमा छ विकेट गुमेको अवस्थामा रूपेश र निश्चलले ७४ रनको साझेदारी गरे । सुदूरपश्चिमाञ्चलका लागि पारस सुनार र सन्दीप विष्टले दुई/दुई विकेट लिए । प्रकाश जोशी, वीरेन्द्र चन्द, सौर्य श्रेष्ठ र सागर साउदले एक/एक विकेट लिए । प्रतियोगिताका उपाधि विजेताले रु दुई लाख ५५ हजार र उपविजेताले रु एक लाख २८ हजार पुरस्कार प्राप्त गर्ने छन् । प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ टिमको सहभागिता छ ।

# गुयाना–भेनेजुएला सीमामा बढ्दै तनाव

**संयुक्त राष्ट्रसंघ–** भेनेजुएलाले अमेरिका-गुयाना सैन्य अभ्यासलाई 'उत्तेजना' का रूपमा अस्वीकार गर्दै दुवै मुलुकले दाबी गर्दै आएको तेल समृद्ध क्षेत्रको 'पुनरप्राप्ति' लाई अगाडि बढाउने वाचा गरेपछि विश्व नेताहरूले बिहीबार शान्त रहन आग्रह गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले तीव्ररूपमा बढ्दै गएको विवादमाथि शुक्रबार आकस्मिक बैठक बोलाएको छ । गुयानाले यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरामा पार्ने बताएको छ ।

भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरो सरकारले एस्सेक्विबो क्षेत्रको भाग्यमाथि आइतबार एउटा विवादास्पद जनमत संग्रह गराएपछि द्वन्द्व चर्किने आशंका बढेको छ । सन् २०१८ को निर्वाचनमा मदुरोको पुनरविजयलाई अमेरिका र अन्य दर्जनौं मुलुकले धोखाधडी भन्दै अस्वीकार गरेका छन् । आगामी वर्ष लगातार तेस्रो कार्यकालका लागि उम्मेदवारी दिने अपेक्षा गरिएको छ ।

'भेनेजुएला एस्सेक्विबो क्षेत्रमाथि कब्जा गर्न अहिले नै या कहिले पनि सफल हुनेछैन', हालै भड्किएको हिंसालाई सम्बोधन गर्दै गुयानाका उपराष्ट्रपति भरत जगदेवले भने, 'भेनेजुएलाको हरेक आन्दोलन, विशेषगरी हाम्रा सीमाहरू नजिक हुने आन्दोलनलाई नजर लगाइने छ ।'

राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीमार्फत अमेरिकाले पक्षहरूलाई क्षेत्रीय विवादको कूटनीतिक समाधान खोज्न आग्रह गर्दै भनेको छ, 'हामी यो टकरावको स्थिति हेर्न चाहँदैनौं ।' तर वासिङ्टनले जर्जटाउनमा उसको दूतावासमार्फत गुयानासँग 'नियमित संलग्नता र सुरक्षा साझेदारी बढाउनका लागि सञ्चालन' को हिस्साका रूपमा गुयानाभित्र संयुक्त सैन्य उडान गर्ने भनी गरेको घोषणाले काराकसको आक्रोशपूर्ण प्रतिक्रियालाई निम्त्यायो ।

'गुयानामा एक्सनमोबिलको पक्षमा अमेरिकाको यो दुर्भाग्यपूर्ण उत्तेजना गलत दिशामा अर्को कदम हो', भेनेजुएलाका रक्षामन्त्री भ्लादिमिर प्याड्रिनो लोपेजले सामाजिक सञ्जाल एक्समा भनेका छन्, 'हामी एस्सेक्विबोको पुनरप्राप्तिका लागि हाम्रो भविष्यका कार्यहरूबाट विचलित हुनेछैनौं ।' एस्सेक्विबोमा अमेरिकी तेल कम्पनीले कच्चा तेल पत्ता लगाएको छ ।

एस्सेक्विबो एक शताब्दीभन्दा बढी समयदेखि गुयानाको नियन्त्रणमा छ र यस क्षेत्रको सिमाना कहाँ हुनुपर्छ भन्ने विषयमा हेगस्थित अन्तर्राष्ट्रिय न्यायालय (आइसिजे)मा मुद्दा चलिरहेको छ । गुयानाको करिब दुई तिहाइ हिस्सा समेटिएको एस्सेक्विबोमा गुयानाका कूल आठ लाख जनसंख्यामध्ये एक लाख २५ हजार बासिन्दा छन् । यद्यपि भेनेजुएलाले पनि उक्त क्षेत्रमाथि दाबी गरेको छ । उसले आइसिजेको अधिकार क्षेत्रलाई मान्यता दिएको छैन र उक्त क्षेत्रलाई आफ्नो शासनअन्तर्गत ल्याउन खोजिरहेको छ ।

ब्राजिलमा राष्ट्रपति लुइज इनासियो लुला डि सिल्भाले आफ्नो मुलुकको उत्तरी सीमा तनावका बारेमा 'बढ्दो चिन्ता' व्यक्त गरे । मर्कोसुर दक्षिण अमेरिकी ब्लकको एउटा शिखर सम्मेलनमा उनले भने, 'यदि हामी दक्षिण अमेरिकामा केही चाहँदैनौं भने त्यो युद्ध हो ।'

पछि अर्जेन्टिना, ब्राजिल, पाराग्वे र उरुग्वेबाट बनेको उक्त क्षेत्रीय समूहले एक विज्ञप्ति जारी गर्दै जर्जटाउन र काराकससँग शान्तिपूर्ण समाधान खोज्न आग्रह गर्दै 'एकतर्फी कारवाही' विरुद्ध चेतावनी दिएको छ । उक्त विज्ञप्तिमा चिली, कोलम्बिया, इक्वेडर र पेरुले पनि हस्ताक्षर गरेका छन् । ब्राजिलको सेनाले दुई उत्तरी सहरमा आफ्नो उपस्थितिलाई सुदृढ बनाइरहेको बुधबार बताएको छ ।

बेलायती विदेशमन्त्री डेभिड क्यामरुनले पनि बिहीबार भेनेजुएलालाई उक्त विवादमा 'एकतर्फी कारवाही' नगर्न चेतावनी दिएका छन् । गुयाना बेलायत र नेदरल्यान्ड्सको अङ्ग्रेजीभाषी पूर्वउपनिवेश हो । क्यामरुनले वासिङ्टनमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकनसँगको बैठकपछि उक्त चेतावनी दिएका हुन् । उनले बुधबार गुयानाका राष्ट्रपति इरफान अलीसँग टेलिफोन संवादमा अमेरिकाको 'गुयानाको सम्प्रभूताका लागि अटुट समर्थन' को पुष्टि गरे ।

बिहीबार गुयानालाई समर्थन गर्न वासिङ्टन कति हदसम्म जान्छ भनी प्रश्न गर्दा किर्बीले भने, 'म त्यस्तो कुरामा अनुमान गर्न चाहन्नँ ।'

गुयानाका अनुसार एस्सेक्विबोको सीमा सन् १८९९ मा एउटा मध्यस्थता प्यानलद्वारा निर्धारण गरिएको थियो । यद्यपि भेनेजुएलाले उक्त क्षेत्रको पूर्वी भागमा रहेको एस्सेक्विबो नदीलाई सन् १७७७ मा पहिचान गरिएको प्राकृतिक सीमा भएको दाबी गरेको छ ।

सन् २०१५ मा एक्सनमोबिलले उक्त क्षेत्रमा तेल पत्ता लगाएपछि लामो समयदेखि चलिरहेको विवादले तीव्रता पाएको छ । गुयानाले अगस्टमा तेल ब्लकहरू लिलामी सुरु गरेपछि काराकसले जनमत संग्रहको आह्वान गरेको हो । *रासस/एएफपी*

# युद्धकालीन यौनदासीका लागि फैसलामा जापानले अपिल गरेन – दक्षिण कोरिया

**सोल–** टोक्योले कुनै अपिल नगरेकाले युद्धकालमा जबर जस्ती यौन दासत्वमा परेका १६ महिलालाई क्षतिपूर्ति दिन जापानलाई आदेश दिने दक्षिण कोरियाली अदालतको फैसलालाई 'अन्तिम रूप' दिइएको दक्षिण कोरियाको विदेश मन्त्रालयले शनिबार बताएको छ ।

मूलधारका इतिहासकारहरूका अनुसार दोस्रो विश्वयुद्धमा अधिकांश कोरियालीसहित चीन र एसियाका अन्य भागका दुई लाख महिला जापानी सैनिकहरूका लागि यौनदासी बन्न बाध्य भएका थिए । सन् १९१० देखि सन् १९४५ सम्म कोरियाली प्रायद्वीपमा जापानको औपनिवेशिक शासनका बारेमा जापान र दक्षिण कोरियाको ऐतिहासिक विवादको एक भागका रूपमा रहेको यो मुद्दाले दुई अमेरिकी सहयोगीबीचको द्विपक्षीय सम्बन्धलाई लामो समयदेखि प्रभावित बनाएको छ ।

नोभेम्बर २३ को फैसलाले मुद्दा खारेज गर्ने तल्लो अदालतको निर्णयलाई उल्टयाउँदै टोक्योलाई प्रत्येक कोरियाली उजुरीकर्तालाई करिब २० करोड वन (एक लाख ५२ हजार अमेरिकी डलर) भुक्तानी गर्न आदेश दिएको थियो । उक्त फैसलापछि जापानका विदेशमन्त्री योको कामिकावाले फैसला 'बिल्कुल अस्वीकार्य' र 'स्पष्टरूपमा अन्तर्राष्ट्रिय कानून र दुवै मुलुकबीचको सम्झौताको विपरीत' रहेको बताएकी थिइन् ।

दक्षिण कोरियाली मिडियाहरूले टोक्योको अपिल नगर्ने निर्णय त्यस्ता फैसलालाई खारेज र न्यूनीकरण गर्ने अभियानको निरन्तरता हो भनेका छन् । उनीहरूका अनुसार अन्य मुलुकका अदालतको अधिकार क्षेत्रको अधीनमा नरहेको तर्क गर्दै जापानले लामो समयदेखि अन्तर्राष्ट्रिय कानूनअन्तर्गत 'राज्य प्रतिरक्षा' दाबी गर्दै आएको छ ।

जापानी सरकार, प्रतिवादीका तर्फबाट कुनै अपिल नभएको भन्दै सोलको विदेश मन्त्रालयले अदालतको फैसलालाई आज अन्तिम रूप दिइएको बताएको छ । 'दक्षिण कोरियाली सरकारले पीडित महिलाहरूको सम्मान र प्रतिष्ठा कायम राख्नका लागि प्रयास जारी राख्नेछ, साथै दक्षिण कोरिया र जापानले भविष्य उन्मुख तरिकाले सहयोग जारी राख्ने कुराको सुनिश्चित गर्नेछ', विदेश मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।

सन् १९६५ को सन्धिले औपनिवेशिक कालसँग सम्बन्धित सबै दाबीलाई व्यवस्थित गरेको जापानले जोड दिएको छ । उक्त सन्धिअन्तर्गत दुवै मुलुकले करिब ८० करोड अमेरिकी डलरको अनुदान र सस्तो ऋणको क्षतिपूर्ति प्याकेजका साथ कूटनीतिक सम्बन्ध पुनःस्थापना गरेका थिए ।

जापानसँग लामो समयदेखि चलिरहेको ऐतिहासिक विवादका बावजुद दक्षिण कोरियाको कन्जरभेटिभ सरकारले आणविक हतियारयुक्त उत्तर कोरियबाट बढ्दो खतराहरूको सामना गर्नका लागि टोक्यो र वासिङ्टन दुवैसँग आफ्नो सैन्य सहयोगलाई विस्तार गरेको छ ।

तीनै सहयोगीले शनिबार प्योङयाङको सामना गर्नका लागि 'नयाँ त्रिपक्षीय पहल' सुरु गरेको घोषणा गरेका छन् । उक्त पहलमा उत्तर कोरियाली क्षेप्यास्त्र प्रक्षेपणमा वास्तविक समय डाटा-साझेदारी अभियानका अतिरिक्त उनीहरूको तट रक्षकहरूबीच 'गहिरो सहयोग' पनि समावेश छ । *रासस/एएफपी*

# अमेरिकाको भिटोपछि इरानले दियो 'विस्फोट'को चेतावनी

**तेहरान–** अमेरिकाले गाजा युद्धमा युद्धविरामका लागि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो (विशेषाधिकार) लगाएपछि इरानले शनिबार मध्यपूर्वमा अवस्थाको 'नियन्त्रण गर्न नसकिने विस्फोट' हुने खतराको चेतावनी दिएको छ ।

इस्लामिक गणतन्त्र इरानका शीर्ष कूटनीतिज्ञ (विदेशमन्त्री) होसेन अमिर-अब्दुल्लाहियानले गाजापट्टीमा मानवीय सहायता पठाउन सक्षम बनाउन इजिप्टसँगको राफा सीमालाई तत्काल खोल्न अपिल गरे ।

इजराइली अधिकारीहरूका अनुसार इरान समर्थित इस्लामिक लडाकू समूह हमासले अक्टोबर ७मा दक्षिणी इजराइलमा गरेको आश्चर्यजनक हमलामा अधिकांश सर्वसाधारणसहित करिब एक हजार दुई सय मानिसको मृत्यु भएको छ भने हमासले करिब दुई सय ४० जनालाई बन्धक बनाएको छ ।

इजराइलले जवाफमा हमासलाई नष्ट गर्ने वाचा गर्दै गाजामा आक्रामक हमला सुरु गरेको छ । हमलामा प्यालेस्टिनी क्षेत्रमा अधिकांश सर्वसाधारणसहित १७ हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बताएको छ । इजराइल अमेरिकाको मुख्य सहयोगी मुलुक हो ।

गाजामा तत्काल युद्धविरामको आह्वान गरिएको सुरक्षा परिषद्को प्रस्तालाई अमेरिकाले शुक्रबार भिटो लगाएको थियो । उक्त प्रस्तावले हमासलाई अक्टोबर ७ मा गरेको हमलालाई दोहोऱ्याउन सक्षम बनाउने भन्दै भिटो लगाउनुपरेको अमेरिकाले बताएको छ ।

इरानको विदेश मन्त्रालयका अनुसार टेलिफोन संवादमा अमिर-अब्दुल्लाहियानले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भने, 'जबसम्म अमेरिका यहुदीवादी शासन (इजराइल) को अपराधहरू र युद्धको निरन्तरतालाई समर्थन गर्छ तबसम्म यस क्षेत्रको स्थितिमा अनियन्त्रित विस्फोटको सम्भावना छ ।'

इरानी विदेशमन्त्रीले संयुक्त राष्ट्रसंघ बडापत्रको धारा ९९ लाई 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न साहसी कदम' का रूपमा प्रयोग गर्ने राष्ट्रसङ्घीय महासचिवको प्रशंसा गरे ।

एक साताको युद्धविरामपछि डिसेम्बर १ देखि इजराइल र हमासबीच पुनः युद्ध सुरु भएको छ । इजराइलका अनुसार हमासले युद्धविरामको उल्लंघन गरेको छ । विदेशमन्त्री अमिर-अब्दुल्लाहियानले महासचिव गुटेरेससँग भने, 'हमासले युद्धविरामको उल्लङ्घन गरेको इजराइलको दाबी सम्पूर्णरूपमा गलत हो ।' उनले इजराइलका लागि अमेरिकी समर्थनले स्थायी युद्धविराम हासिल गर्न कठिन बनाएको बताए । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-FATEH CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/०८/२० | LT. No. :296016 | चलानी नं. ६०२११९५१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Vehicle Plumber | 2 | 0 | 1500 | ५३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १ गते (17th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.५६७/०६२/०६३

**Euro Tech Consultancy Pvt. Ltd.**

Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158, Mob No. 9851021264, 9851084492



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : First Choice Security Services LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२१ | LT. No. 296041 | चलानी नं. ६०२१११७८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 50 | 0 | 1200 | ४३६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FIRST CHOICE CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२२ | LT. No. 296040 | चलानी नं. ६०२१११७७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | cleaner | 50 | 50 | 800 | २९०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २६ गते (12th Dec. 2023) र बाजे सेकुवा नागढुङ्गा-८ पोखरा, कास्की मितिः २०८० मंसिर २७ गते (13th Dec. 2023)मा हुनेछ ।

फाइनल अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पुष १ गते (17th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal

Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054


**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development & Building Construction**
**New Town Project**
**Baireni Galchhi, Dhading**

## Invitation for bids

**First date of publication of notice:2023/12/10**

New Town Project Office, Baireni, Galchhi, Dhading invites electronic bids from eligible bidders for the following work under NCB procedure. Eligible Bidders may obtain further information from the office of New Town Project Office, Baireni, Galchhi, Dhading during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp

| Contract No. | Name Of Project | Bid Security Amount (Rs) | Bid Document Fee (Rs) | Estimated Amount (without VAT and Contingencies) |
|---|---|---|---|---|
| NTPO/BAIRENI GALCHHI/ NCB WORKS/ E-BID/01-080-081 | Mastar,Aduwabari, Kalikasthan, Chiraudi Bhanjyang, Karkidanda, Kulbhanjyang, Tamsaling Gajuri ward No-4 Sadak | 2,50,000.00 | 3000.00 | 8464937.93 |
| NTPO/BAIRENI GALCHHI/ NCB WORKS/ E-BID/02-080-081 | Baireni Swasthya Chauki bata Shree No.-6 Bahini, Jintetar Ekikrit Sarakari bhawan Hudai Amleshwor Mandir-Prithvi Rajmarga Jodne Motor Bato Galchhi-6 karib 2 Km Nali Kalopatre wa RCC Dhalan Garne Karya (Second Phasse) | 5,00,000.00 | 3000.00 | 1,69,83,795.82 |

**Deputy.Project Chief**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११८८०० | प्रति तोला - ११८२५० | प्रति तोला - १४६० |



**बजार लैजाने तयारीमा** | सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-१४ डडुवाका कृषकले उत्पादन गरेको गोलभैँडा डोकामा हालेर बिक्रीका लागि बजार लाने तयारीमा । *तस्बिरः रूपक पुरी/रासस*

## ‘ऋणीलाई राहतका कार्यक्रम ल्याउनुपर्छ’

■ प्रभाव संवाददाता

**कास्की–** नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशको अर्थतन्त्रमा देखिएको सङ्कटका कारण प्रभावित बनेका व्यवसायी र ऋणीलाई सरकारले सहुलियत दिने कार्यक्रम ल्याउनुपर्ने बताएका छन् ।

समाजवादी प्रेस सङ्गठन नेपाल कास्कीले पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले अहिले अर्थतन्त्र कामचलाउको अवस्थामा छ भनेर चित्त बुझाएर बस्न नहुने उल्लेख गरे । उनले भने, ‘विभिन्न कारणले धेरै व्यवसायीको हालत खराब भएको छ । ऋणको ब्याज बढेको छ । ऋण तिर्न नसकेर गम्भीर सङ्कटमा परेका व्यवसायीलाई ऋण चुक्ता गर्ने समय बढाएर हुन्छ वा ब्याजदर घटाएर हुन्छ राहत तथा लगानीकर्ता र ऋणीलाई सहुलियत दिनेबारे सरकारले सोच्नु पर्दछ ।’

अध्यक्ष नेपालले जनताका पीडा समाधान गर्ने गरी सरकारले काम गर्नुपर्नेमा जोड दिए । उनले बेथिति र विसङ्गति अन्त्यका लागि पटक-पटक आफ्नो पार्टीले सरकारको ध्यानाकर्षण गर्दैआएको बताए । उत्पादन वृद्धि गर्ने र युवालाई स्वदेशमै रहने वातावरण निर्माण गरिनुपर्नेमा उनले जोड दिए । एकीकृत समाजवादी चुनौती सामना गर्ने आँट राखेर सबै शक्तिलाई एकताबद्ध बनाएर अघि बढिरहेको अध्यक्ष नेपालले स्पष्ट पारे । ‘हामी कसैप्रति आग्रह पूर्वाग्रह राख्दैनौं । हाम्रो निम्ति राष्ट्र र जनता नै मूल कुरा हुन् । राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको प्रवर्द्धन र स्वाभिमानको रक्षा हाम्रो निम्ति मुख्य कुरा हुन्’, उनले भने ।

गण्डकीमा एकीकृत समाजवादीलाई मन्त्रिपरिषद्मा सहभागी नगराएर मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सहमतिको पालना नगरेको अध्यक्ष नेपालको आरोप थियो । उनले पार्टीलाई मन्त्रिपरिषद्मा सामेल गराउने विषयमा थप कुराकानी गर्ने स्पष्ट पारे । केन्द्रीय, प्रदेश र स्थानीय सरकारले आफ्नो विकासको प्राथमिकता तोकेर त्यही अनुरूप काम गर्नुपर्ने अध्यक्ष नेपालको सुझाव थियो ।

## मौद्रिक नीतिको समीक्षाबाट अर्थतन्त्र सुधार हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाबाट नेपालको अर्थतन्त्रको वर्तमान अवस्थालाई लयमा ल्याउन केही हदसम्म सहयोग पुग्ने अपेक्षा गरिएको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल बताएका छन् । उनले उक्त समीक्षाले देशमा हाल देखिएको आर्थिक सङ्कटको अवस्थामा सुधार गरी लगानीकर्ताको मनोबल बढाउन पनि सहयोग पुग्ने र यसबाट अर्थतन्त्र लयमा ल्याउन थोरै भए पनि सहयोग पुग्ने बताए ।



धनगढीमा आयोजित सुदूरपश्चिम महोत्सवमा महासङ्घका अध्यक्ष ढकालले निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएका कतिपय विषय पनि शुक्रबारको मौद्रिक नीतिको समीक्षामा समेटिएको र यसले मुलुकको निजी क्षेत्रका लागि सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको बताएको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

‘नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामा बैंक दर, नीतिगत दर, कर्जाको पुनःसंरचना र घर तथा सेयर कर्जामा लचकता अपनाएको देखिन्छ । यी विषयहरू हामीले विगत लामो समयदेखि निरन्तर उठाउँदै आएका थियौँ । राष्ट्र बैंकले अहिले आएर यसको सुनुवाइ गरेको देखिन्छ । यसले लगानीकर्ताको मनोबल बढाउन, लगानी प्रवर्द्धन गर्न सहयोग गर्नसक्छ’, उनले भने । अध्यक्ष ढकालले तर पनि यो उदार मौद्रिक नीति समयमै आउन सकेको भए हजारौँ साना तथा मझौला व्यवसाय र व्यवसायी विस्थापित हुन पर्दैनथ्यो भने ।

‘निजी क्षेत्रको तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घले विगत लामो समयदेखि पटक-पटक नेपाल राष्ट्र बैंकलाई अर्थतन्त्रलाई लयमा ल्याउन मौद्रिक नीतिमा विशेष व्यवस्था गर्न आग्रह गरेका थियौँ । अहिले आएर केही हदसम्म भए पनि हाम्रा मागको सम्बोधन भएको छ । ढिलो गरी आएको सम्बोधनले अर्थतन्त्रलाई लयमा ल्याउन के-कति सहयोग गर्छ । त्यो हेर्न बाँकी नै छ’, उनले भने ।

राज्यका निकायबीच समन्वयको अभावमा लगानीको वातावरण बन्न सकेन, अर्थतन्त्र लयमा ल्याउन सकिएन भनेर निजी क्षेत्रले आवाज उठाएको र त्यसलाई प्रधानमन्त्री आफैँले सकारात्मकरूपमा लिई समन्वयकारी भूमिका निर्वाह गरेको उनको भनाइ थियो ।

उनले निजी क्षेत्र मुलुकभित्र लगानीको वातावरण बनाउन र लगानी प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको पनि स्पष्ट गरे । नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन प्रधानमन्त्रीको भारत, चीन तथा युएई भ्रमणका अवसरमा निजी क्षेत्रले लगानी सम्मेलनको आयोजना गरेको जानकारी दिँदै यसबाट नेपालमा लगानीका सम्भावनाहरूका बारेमा विदेशी लगानीकर्तालाई थाहा दिने काम भएको पनि बताए ।

मुलुकको अर्थतन्त्र सुधारका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले देखाएको चासो र लिएको अग्रसरताको प्रशंसा गरे । उनले सरकारी प्रक्रियाका कारण धेरै आयोजना रोकिने गरेका उदाहरण पेस गर्दै त्यसलाई छिटोछरितो गराउने व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष आग्रह गरे ।

## राहुघाट आयोजनालाई गति दिन निर्देशन

**तिल्केनीचौर (म्याग्दी)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपाल विद्युत् प्राधिकरणले म्याग्दीमा निर्माण गर्दै गरेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणलाई गति दिन निर्देशन दिएका छन् । उनले म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरमा निर्माणाधीन आयोजनाको विद्युत् गृह निरीक्षण गर्दै आयोजना चाँडोभन्दा चाँडो निर्माण सम्पन्न गर्न निर्देशन दिए ।



मन्त्री बस्नेतसहित संविधानसभा सदस्य गोविन्द पौडेल, गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतले उक्त आयोजनाको निरीक्षण गरेका हुन् । उक्त अवसरमा आयोजनाका अधिकारी, परामर्शदाता र निर्माण कम्पनीका प्रतिनिधिले मन्त्री बस्नेतलाई आगामी २५ महिनाभित्र आयोजना निर्माण सम्पन्न हुने जानकारी गराएका थिए ।

राहुघाट जलविद्युत् आयोजना निर्माणमा भएको ढिलाइले समग्र देशलाई नै नोक्सानी भएको उल्लेख गर्दै मन्त्री बस्नेतले नदीजन्य निर्माण सामग्रीको सहज आपूर्तिका लागि वैकल्पिक स्रोत खोज्नुपर्नेमा जोड दिए । ‘वैकल्पिक स्रोत पहिचान गरी आयोजनालाई नदीजन्य निर्माण सामग्रीको अभाव हुन नदिन सहजीकरण हुन्छ’, उनले भने, ‘कार्ययोजनाअनुसार आयोजना सञ्चालन हुने गरी आयोजना, निर्माण कम्पनी र परामर्शदाताले काम गर्नुहोस् ।’

आयोजनाको प्रवर्द्धक प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले हालसम्म ६५ प्रतिशत भौतिक प्रगति भएको राहुघाट जलविद्युत् आयोजनाबाट सन् २०२५ मार्च महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने कार्ययोजनासहित काम भइरहेको जानकारी दिए ।

‘छ दशमलव दुई सय किलोमिटर सुरुङमध्ये अब सात सय मिटरमात्र खन्न बाँकी छ । बाँध र विद्युत्गृह निर्माणको काम पनि ५० प्रतिशतभन्दा बढी सकिएको छ’, उनले भने ।

निर्माण कम्पनी जयप्रकाश एशोसिएट्सका आयोजना व्यवस्थापक हरिश अग्रवालले नदीजन्य निर्माण सामग्रीको अभाव आयोजना निर्माणका लागि चुनौती बनेको बताए । सर्वोच्च अदालतको २०७८ असारको आदेशका कारण कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्न नपाउँदा नदीजन्य निर्माण सामग्रीको अभाव भएको उनको भनाइ थियो । ठेक्का सम्झौतामा कालीगण्डकीको नदीजन्य सामग्री प्रयोग गर्ने उल्लेख भएको र कालीगण्डकीबाट सामग्री नपाउँदा समस्या भएको आयोजना व्यवस्थापक अग्रवालले बताए ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले राहुघाटलगायत कालीगण्डकी र सहायक नदीबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न दुई सय २० केभी क्षमताको कालीगण्डकी करिडोर प्रसारण लाइन निर्माण भइसकेको बताए । भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र सरकारको संयुक्त लगानीमा २०६६ सालमा सो आयोजना निर्माण अघि बढाइएको हो ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो निर्माण कम्पनी आइभिआरसीएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एण्ड कन्ट्र्याक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो । पहिलेको कार्यतालिका र सम्झौताअनुसार राहुघाट २०७० सालमा निर्माण सकिनुपर्ने थियो । विसं २०७४ मङ्सिरमा रु छ अर्बमा ठेक्का सम्झौता गरेको भारतको सिभिल ठेकेदार जयप्रकाश एशोसिएटस् (जेपी)ले पनि निर्धारित समयभित्र आयोजना निर्माण सम्पन्न गर्न सकेन् ।

पैतालीस महिनाको ठेक्का सम्झौताको म्याद भएको आयोजना सन् २०२३ जनवरीदेखि सञ्चालन गर्ने लक्ष्य थियो । कोरोना महामारी र विपद्का कारण निर्माण कम्पनीले लक्ष्यअनुसार काम गर्न नसकेका कारण सन् २०२४ अक्टोबरसम्म ठेक्का सम्झौताको म्याद थप गरिएको छ । पुरानो निर्माण कम्पनी आइभीआरसीएलले आठ वर्षमा १० प्रतिशत काम गरेको थियो । विसं २०७५ असारमा पहुँचमार्ग र विसं २०७६ असारमा सुरुङ खन्न सुरु गरेको सिभिल ठेकेदार जेपीले हालसम्म पिप्लेमा ६१ मिटर गहिरो सर्चसाफ्ट, तीन सय २९ मिटर बटम प्रेसर साफ्ट, छ सय ५४ मिटर लामो चारवटै अडित (मुख्य सुरुङमा पुग्ने पहुँचमार्ग) र एक सय ९६ मिटर ठाडो सुरुङ निर्माण सकेको छ । अडिट-१ बाट बाँधतर्फ जाने ७५ मिटर लामो सुरुङ जोडिएको छ ।

छ दशमलव दुई सय ७० किलोमिटर लामो सुरुङमध्ये हालसम्म पाँच हजार पाँच सय ७० मिटर निर्माण सकिएको छ । सात सय मिटर सुरुङ खन्न बाँकी छ । बाँध निर्माणस्थलमा अडिट-१, अँधेरीखोलामा अडिट-२, पिप्लेमा अडिट-३ र तिल्केनी चौरमा अडिट नं ४ खन्ने कार्य सम्पन्न गरी ती अडिटबाट सुरुङ निर्माणलाई तीव्रता दिएको आयोजनाले जनाएको छ ।

रघुगङ्गा-४ दग्नाम र ५ नं वडा झिँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध निर्माणको काम ६० प्रतिशतभन्दा बढी सकिएको आयोजनाका व्यवस्थापक राज विष्टले बताए । तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण तीव्रताका साथ भइरहेको छ । घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एउटा ट्रस प्रविधिको पक्की पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सिधा सडकले जोडिएको छ । यसअघिका दुई वर्ष अघिको पहिराका कारण बर्खायामको चार महिना बाँध निर्माणको काम रोकिएको थियो । यस वर्ष बर्खायाममा पनि बाँध, सुरुङ र विद्युत्गृह निर्माणले निरन्तरता पाएको थियो ।

आयोजनाले सन् २०२३ जनवरी ३१ देखि वार्षिक रु २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो । राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी करिडोरअन्तर्गत दुई सय २० केभी (डबल सर्किट) क्षमताका दाना-कुश्मा प्रसारण लाइनमा जोड्न लुप इन लुप आउट (लिलो)को चार टावर निर्माण गरिएका छन् । *रासस*

## बागलुङमा सुन्तला उत्पादनमा कमी

■ प्रभाव संवाददाता

**गलकोट–** बागलुङको सुन्तला पकेट क्षेत्रमा यस वर्ष उत्पादनमा कमी आएको छ । सुन्तला गाउँका रूपमा चिनिएको जिल्लाको सिगाना गाउँमा बर्सेनि औँशा कीराको सङ्क्रमण बढ्दै गएकाले उत्पादनमा कमी आएपछि किसान चिन्तित बनेका छन् ।

सिगानाका अगुवा सुन्तला किसान रामबहादुर खड्काको बगानमा यसपटक मात्रै नौ प्लाष्टिकका बोरामा झरेका सुन्तला सङ्कलन गरिएको छ । सुन्तला बढी उत्पादन हुने सिगाना, बिहुँ र सर्कुवालगायत क्षेत्रमा औँशा कीराको सङ्क्रमणले सुन्तला झर्न थालेपछि उत्पादनमा गिरावट आएको हो । बजेट अभावमा औँशा कीराको सङ्क्रमणलाई न्यूनीकरण गर्न नसक्दा पछिल्लो समय बागलुङमा सुन्तला उत्पादनमा कमी आएको खड्काले बताए । बोटमा नै कीरा लागेर भुइँमा सुन्तला झर्न थालेको उनको भनाइ थियो ।

‘वार्षिक रू दुई लाखदेखि तीन लाखसम्मको आम्दानी सुन्तलाबाटै गर्दै आएको छु । बर्सेनि सुन्तलामा औँशाको सङ्क्रमण बढ्दै गइरहेको छ’, खड्काले भने, ‘बगानमा झरेकै सुन्तला नौ प्लाष्टिकका बोरा भइसके । रोग दिनप्रतिदिन बढ्दै गएको छ । स्थानीय सरकारले कुनै चासो दिएको छैन । बागलुङ नगरपालिकाले सुन्तला किसानलाई प्रदान गर्दै आएको अनुदानसमेत काट्यो ।’

पाक्ने बेलाका सुन्तलामा औँशा कीरा देखिएपछि बिक्री गर्ने तयारीमा जुटेका किसानलाई निराश बनाइदिएको छ । अहिले एउटा बोटबाट १० देखि २० प्रतिशतसम्म सुन्तला झरेको बताउँदै यो क्रम बर्सेनि बढ्दै आएको किसानको भनाइ छ । अहिले बोटबाट सुन्तला कुहिएर झर्न थालेपछि जिल्लाका कृषक समस्यामा परेका छन् ।

जिल्लाको धेरै सुन्तला उत्पादन हुने क्षेत्रमामा औँशा कीरा समस्या दिनथालेको कृषि ज्ञान केन्द्रका बागबानी विकास अधिकृत कुमार पुनले बताए । उनका अनुसार सिगाना, बिहुँ र सकुर्वालगायत स्थानमा सुन्तला खेतीमा औँशाका सङ्क्रमण देखिएको छ ।

झरेका फल व्यवस्थापन गर्नका लागि प्लाष्टिकका बोरा प्रदान गरे पनि गत वर्ष बजेट अभावमा उपचार गर्न सम्भव नभएको बताउँदै पुनले यस वर्ष औँशा नियन्त्रणका लागि रू छ लाख बजेट विनियोजन भएको जानकारी दिए । अन्नबाली छाडेर व्यावसायिक सुन्तला उत्पादनमा लागेका किसान फल झरेपछि मर्कामा परेका छन् ।

‘बर्सेनि औँशाको समस्या बढ्दै आएको छ । कीराका कारण सुन्तला उत्पादनमा कमी आउने देखिएको छ’, पुनले भने, ‘झरेका सुन्तलाको सही व्यवस्थापन गर्न आवश्यक छ भने यसपटक सिगाना र बिहुँमा औँशाको उपचार गर्ने योजनामा छौँ । यसका लागि बजेटको समेत व्यवस्थापन भइसकेको छ ।’

सुन्तलालगायत अमिलो प्रजातिका फलफूलमा औँशा कीराको सङ्क्रमण देखिएपछि केन्द्रले किसानको बगैँचामा पुगेर त्यसको अध्ययनका साथै रोकथाम र व्यवस्थापनबारे सचेत गराउँदै आएको छ । यस वर्ष भने केही स्थानमा उपचार पनि गरिने पुनले बताउनुभयो । उहाँका अनुसार सुन्तला, जुनार, मौसम, भोगटे, निबुवा, विमिरो, कागती, ज्यामिरलगायत फलफूलमा यो रोगको सङ्क्रमण फैलिरहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ